'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत १९

वर्ष ३, अंक ४ | बुद्ध सम्वत् २५५९ | ने.सं. ११३६ पोहेला थ्व | वि.सं. २०७२ माघ १० छ्याला पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु कुठी संस्थाको पोथीपाताबाट

# अर्हत

त्रैमासिक

वर्ष ३ | अङ्क ४ | पूर्णांक १९ | नेसं ११३६ पोहेलाथ्व

शक सं. १९३७ | २०७२ माघ १० | बुद्ध सं. २५५९

सल्लाहकार

रत्नसुन्दर शाक्य
जुनु बासुकला रंजितकार
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

मुद्रण

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-

# सम्पादकीय

हाम्रो देशमा पटक-पटक राजनैतिक परिवर्तनहरु भए। परिवर्तनको लागि नेपाली जनताले पटक-पटक बलिदान दिए। तर जनताको इच्छानुसार परिवर्तित राजनैतिक व्यवस्थाले जनताको हितमा कुनै नियम बनाएन, कुनै कानुन बनाएन। पहिलेभन्दा जटिल समस्याहरु भोग्न बाध्य भए जनताले।

वास्तवमा नेपाली जनताले अनावश्यक कुरा मागेको होइन, मात्र 'शान्ति' हो। समाजमा त्यसबेला मात्र शान्ति स्थापना हुन्छ, जुनबेला गरिबी निवारण हुन्छ। गरिबीले गर्दा नै शान्ति खल्बलिन्छ। त्यसकारण शान्तिको निम्ति शासक वर्गले आफ्नो हृदयभित्र बुद्धलाई बास दिनुपर्छ।

विडम्बना, नेपाल बुद्धभूमि भएर पनि नेपाली शासकहरुले बुद्धका भावनाहरु बुझेनन्। जसको फलस्वरुप आफ्नो निहित स्वार्थको लागि सत्ता- लिप्सामा झुण्डिरह्यो। शासन चलाउनु आफ्नै लागि मात्र हो, जनताको हितको निम्ति होइन भन्ने भावनाको जग तिनीहरुमा बस्यो।

राजनैतिक परिवर्तनको आभास अझै जनताले पाउन सकेनन्। त्यसकारण जनताले सधैं भन्ने गर्थे- जुन जोगी आए तापनि कानै चिरेका । वास्तवमा यो जनताको अनुभव सही हो। किनकि जनताको अवस्था जहाँको त्यही नै छ। उही नाम्लो उही कुम्लो भएको छ।

हुन त बुद्धको युगमा पनि हत्या, हिंसा, चोरी, डकैती, बलात्कार र गरिबीजस्ता विकृतिहरु थिए । त्यसकारण महामानव बुद्धले शान्ति स्थापनाको लागि प्राणी हिंसा नगर, चोरी नगर, झुठा कुरा नबोल, तृष्णा नगर भन्ने उपदेशहरु दिनुभयो। समस्याको कारण पत्ता लगाउनुभयो।

हाम्रो देशमा पनि दुःख देखापर्नुको कारण राजनीतिज्ञहरुको सत्ता-लिप्सा नै हो। सत्तामाथिको तृष्णा हो। त्यसकारण हामीले पनि भन्नैपर्छ- राजनेताहरु, सत्तालिप्सा छोड ! जनताको हित गर ! भन्न मिल्दैन र ? पाठक वृन्द !

अर्हत् वर्ष ३ को अङ्क पूरा भएको छ। वर्ष ४ को नयाँ अङ्क बुद्ध जयन्तीदेखि प्रकाशित हुने जानकारी दिलाउन चाहन्छु। सबै पाठक वर्गले आ-आफ्नो ग्राहक सदस्यता नवीकरण गर्नुहुन विनम्र अनुरोध गर्दछु। साथै अर्हत् निरन्तरताको लागि सहयोग गर्नुहुने सम्पूर्ण ग्राहक, विज्ञापनदाता, लेखक महानुभावहरुलाई हार्दिक धन्यवाद !

# लुम्बिनी- एक झलक

✍ लोकदर्शन बज्राचार्य

लुम्बिनी भन्नासाथै त्यस स्थानमा भगवान् बुद्ध सिद्धार्थ राजकुमार जन्म भएको पवित्र जन्मस्थललाई जनाउँछ। लुम्बिनी भन्नसाथै एउटा रमणिय, सुन्दर, राम्रो, उपवनको नामले पनि प्रख्यात छ। श्री एन.पि. जोशीको भनाई अनुसार लुम्बिनीमा सिद्धार्थ राजकुमारको आमा महामायादेविको आमा अर्थात् सिद्धार्थको बज्यैको नामाले कपिलवस्तु र देवदहको बीचमा अवस्थित दुबै देशको साझा रमणिय उद्यानको नाउँ रहन गएको हो। त्यस्तै आचार्य श्री भिक्षु अमृतानन्दज्यूको भनाई अर्कै छ। वहाँको भनाईमा राजा अञ्जन शाक्यका रानीको नामले पनि सो लुम्बिनीको नाउँ रहन गएको हो।

लुम्बिनीलाई भाषाको कारणले विभिन्न विद्वान्हरुले यसरी लेख्न गएका छन्। पाली जातक कथा अनुसार 'लुम्बिनी वन' भन्ने उल्लेख गरेको छ। लुम्बिनीस्थित अशोक स्तम्भको अभिलेख अनुसार 'लु-मिनी' लुम्बिनी भन्ने कोरेको छ। चिनियाँ यात्रीले सन् ४१२ इसवी, पाँचौ शताब्दीको फाहियानले लुम्बिनीलाई 'लुन-मिन' (Lum–Min) अर्थात् लुन-मिंग (Lum–Ming) भन्ने लेखिएको छ। सन् ६३६ इसवी, सातौं शताब्दीको चिनियाँ यात्री ह्वेन सांगले ल-फ-नि (La-Fa-Ni) भन्ने उल्लेख गरेको छ त अर्को चिनियाँ यात्रीले लोंगिम - नि, लं पि नि (Loungmi-ni, Lan-Pi-Ni), श्री रक्कहिल (Rockhill) को भनाई अनुसार लुम्बिनीको नाम देवदहका राजा सुप्रबुद्धका मुख्य मंत्रीको जहानको नाम पनि लुम्बिनी हुन गएको छ। अर्को पनि भनाई छ। लुम्बिनीको नाम यशोधराकी आमाको नामले पनि प्रसिद्ध हुन गएको छ। जे भएपनि भगवान बुद्धकै पालामा भगवान् बुद्धलाई भगवान् अर्थात तथागतलाई आफ्नो श्रद्धा व्यक्त गर्ने चारवटा स्थल मध्ये सिद्धार्थको जन्मस्थान लुम्बिनी पनि एक हो भन्ने आनन्दलाई सो स्थान दर्शनीय र संवेजनीय स्थल हो भन्ने आज्ञा भएको थियो। बुद्धत्व प्राप्त भएपछि स्वयम् भगवान् बुंद्ध आफै लुम्बिनी तीर्थयात्रार्थ पाल्नुभएको थियो। हुन सक्छ कि वहां लुम्बिनी पुग्दा वहाँको पाद पूजा गरेको स्थानले नै हाल पदरी भन्ने गाउँको नाउँ रहन गएको छ। त्यसले पनि लुम्बिनीको महिमा बढेको हो।

यहाँनिर यो पनि उल्लेखनीय छ कि भगवान् बुद्ध, सिद्धार्थको पवित्र जन्मस्थल हालको मायादेवी मन्दिरको नजिकै दक्षिण पशिचममा लुम्बिनी ग्राम (हालको पुलिसथाना) मा अवस्थित रहेको वर्णन छ। सम्राट् अशोकबाट प्रतिस्थापित अशोक शीलास्तम्भमा भगवान् बुद्ध सिद्धार्थको पवित्र जन्मस्थल भएकोले लुम्बिनी ग्रामवासीहरुलाई केही कर माफ गरेको अंकित गरेको छ। सम्राट् अशोकबाट भविष्यको सन्ततीलाई लाभार्थ भगवान् बुद्ध, सिद्धार्थले पहिले धर्तिमा पाइला टेकेको अति पावन स्थानमा ढुंगाको चिन्ह १ राख्ने राजइच्छालाई वहाँका धर्मगुरु भिक्षु उपगुप्तको स्वीकृतिबाट पधारपर्ण पद चिन्ह राखेको, अशोक चैत्य बनाई एक लाख सुवर्ण मुद्रा चढाएको (दान दिएको) वर्णन छ।

यहाँनिर यो प्रसंग उठाउनु उचित्त देखिन्छ कि भगवान् बुद्ध सिद्धार्थको गर्भधारण र लुम्बिनी उपवनमा जन्म बारे केही तथ्यहरु प्रस्तुत गरिन्छ। पूर्णचन्द्रमा उदय भएको पूर्णिमाका दिन महारानी मायादेवीले सपना

देख्नुभयो कि वहाँको दाहिने कानबाट एउटा सुन्दर शान्तमय सेतो हात्ती गर्भमा प्रवेश गर्‍यो । सोबारे दरबारमा ज्योतिषहरु समक्ष सो कुरा दर्शाउँदा यसको अर्थ बडो महत्त्वपूर्ण पवित्र शिशुको गर्भधारण भएको जनाइयो । त्यसपछि १० महिना पुगेपछि महारानी महामायादेवीले वहाँको पनि राजा शुद्धोधन समक्ष माइत जाने इच्छ्र प्रकट गर्‍यो, आग्रह गर्नुभयो । सो कुरालाई अनुमोदन गरी कपिलवस्तुको दरबारबाट महामायादेवीको माइती देवदह (रामग्राम) तर्फ प्रस्थान गरे । सो यात्रामा अमात्यहरु लगायत अन्य लावा लश्करसहित प्रस्थान भयो ।

बैशाख महिनामा अति गर्मीको बाटोबाट हिँड्दा कपिलवस्तु र देवदह बीच पर्ने त्यस रमणीय लुम्बिनी वनको शीतल छायाँमा केही समय आराम गर्ने इच्छा अनुसार त्यहाँ आराम गर्न रोकिए । त्यसपछि महामायादेवीले आफै उत्पन्न तातो पानी र चिसो पानीले (स्प्रिङ्ग वाटरले) नुहाउनु भई त्यसको ठीक उत्तर पूर्वतर्फ २५ पाइला हिँडेपछि अति रमणीय सुन्दर शाल वृक्षको हाँगा समात्नुभयो । सो हाँगा आफसेआफ मायादेवीतर्फ लट्किायो भन्ने पनि भनाई छ । तर जे होस् सो हाँगा दाहिने हातबाट समात्नुभएपछि वहाँलाई प्रसूति वेदना भयो र सिद्धार्थको जन्म भए । सो बखत आकाशबाट फुलहरु वर्षाएको बर्णन पाइन्छ । आकाशबाट नभए तापनि सो शालवृक्ष महामायादेवी आफ्नो प्रसूति वेदनामा बेस्सरी समान्दा लता-लहरा र पातहरु हावाले वर्षन सक्ने स्वाभाविक देखिन्छ । जहाँसम्म स्वत: उब्जेको तातो र चीसो पानी (स्प्रिङ्ग वाटर- ले मायदेवीले नुहाएको प्रसंग उठेको छ । हाल पनि श्री केशर शम्सेर जबराबाट उत्खन गरी ठूलो पारिएको वर्तमान पवित्र चारकुने ठूलो कुण्डको पश्चिमतर्फ सन् १९७९ मा उत्खण्डन गर्दा तातो पानीको (स्प्रिङ्ग वाटरको) कुवा र त्यसको ठीक पूर्व सोही कुण्डको पूर्व किनारामा अवस्थित सन् १९९४ मा उत्खण्डन गर्दा चीसोपानीको (स्प्रिङ्ग वाटर) को कुवा भेटिएको छ । त्यहाँबाट तातो पानीको कुवाबाट उत्तर पूर्वस्थित मायादेवी मन्दिरको नेटिभिटी रहेको मूर्ति भएको स्थानको दूरी २५, २७ पाइला मात्रै फरक पाइएको छ । यहाँ यो पनि उल्लेखनीय छ कि त्यस वेलादेखि हालसम्म पनि तराईमा प्रथम बच्चा लोग्नेको घरमा होइन माइतमा जन्माउने चलन अद्यावधि कायमै छ । तसर्थ भगवान् बुद्ध जन्मनुभन्दा अघि मायादेवीले पहिलो बच्चा (भगवान् बुद्ध) सिद्धार्थ आफ्नो माइतमा जन्माउने प्रथा अनुसार देवदहतर्फ लागेको देखिन्छ । वहाँको साथमा वहाँकी बहिनी कान्छी महारानी प्रजापति गौतमी पनि साथमा जानुभएको थियो । साथै मंत्रीगण, उच्चस्तरीय सैनिक प्रशासकीय अधिकृतहरु र परिचारिका (नोकर्नीहरु) सहित लावा लश्करको ठूलो जमात साथमा लगेका थिए । महामायादेवी सुवर्ण पालकी (पाइङ्क्विन) यात्रा गर्ने चलन अद्यावधि तराईमा प्रचलन अझ पनि छ । यो प्रसंगमा कान्छी महारानी प्रजापति गौतमीबाट (भगवान् बुद्ध) सिद्धार्थ जन्मनुभन्दा अघि वहाँकी छोरी अमिता जन्माउनु भई प्रसूती हेरचाह अवस्थामा नै थिए ।

सिद्धार्थ जन्म भएपछि सो बच्चालाई लिई सोही दिन आफ्नो पतिको घरतर्फ कपिलवस्तुमा फर्कनुभएको उल्लेख गरिएको छ ।

यहाँ यो प्रसंग उठेको छ कि कुनै ग्रन्थमा सोही दिन महामायादेवीको देहावसान्त लुम्बिनीमा नै भएको थियो । अर्को भनाईमा कपिलवस्तु पुगेको ७ दिनमा देहावसान्त भएको थियो । महामायादेवीको देहावसानपछि वहाँको बहिनी कान्छी महारानी प्रजापतिको पनि प्रसूती अवस्थामा रहेकाले राजकुमार सिद्धार्थलाई आफ्नै स्तनबाट दूध पिलाई स्याहार सुसार गरी युवा अवस्थासम्म हुर्काउनुभयो थियो ।

सन् १९७९ मा श्रीलंकाको महामहिम राष्ट्रपति जयबर्द्धने र वहाँको श्रीमती लुम्बिनी दर्शनार्थ आउनुहुँदा श्री ५ महाराजाधिराज वीरेन्द्र तथा श्री ५ वडामहारानी ऐश्वर्यका साथमा सवारी भएका थिए । सो बखत मायादेवी मन्दिरस्थित नेटिभिटीमा एउटा अति सुन्दर केटीको मूर्तिबाट महामायादेवीलाई प्रसूती वेदनामा मद्दत गरिराखेको देखिएपछि

सो मूर्ति बारे उपस्थित पुरातत्त्वविद्लाई प्रश्न गर्दा वहाँले प्रजापति गौतमीको हो भनी वर्णन सुनाएपछि राष्ट्रपतिका श्रीमतीले पुनः प्रश्न उठाए कि गौतमी आफै पनि प्रसूति अवस्थामा भएको हुँदा आफ्नो दिदीसँग त्यस्तो गर्मी अवस्थामा कसरी साथमा लागे होलान् कि त्यो मूति परिचारिकाको हुन सकिन्न र ? भनी सोध्दा पुरातत्त्वविद् अकमकिए । तर अब त्यो नेटिभिटी मूर्तिको संरक्षण (Restoration) सिलसिलामा सफाई गरी मूर्तिलाई राम्रो अवस्थामा ल्याइएबाट यो स्पष्ट हुन आएको छ कि त्यो मूर्ति परिचारिकाको हुन सक्दैन । प्रजापति गौतमीकै हुन सक्छ भन्ने तथ्य प्रस्तुत हुन आएको देखिन्छ किनकि त्यो सुन्दर मूर्तिका कपाल घुंग्रिएको, कानमा यार्लिङ्ग लगाएकी, बाजु (बाहुला) मा बाभ्को गहना लगाएकी, कमरमा पेटीको गहना र घुँडामा कलि लगाई मायादेवीकै जस्तो गहनाहरुले सुसज्जित भएकी, खाली मायादेवीको कानमा टप र गौतमीको कानमा ऱ्यालिङ्ग लगाएको बाहेक अरु केही फरक छैन । त्यतिका गहना सुसज्जित परिचारिकाको हुन नसकिने र मायादेवीकै जोडा गहनाले सुसज्जित वहाँकी बहिनी कान्छी महारानी प्रजापति गौतमी सिवाय अरुले लाउन नसकिने तथ्य प्रस्तुत हुन आएको छ ।

भौगोलिक दृष्टिले भगवान् बुद्धको पैतृकस्थल कपिलवस्तुबाट २५ कि.मि. पूर्व र मामौली देवदेहबाट पुरानो हुलाकी बाटोबाट करीब २७ कि.मि. पश्चिममा अवस्थित छ । काठमाडौंबाट मोटरबाटो ३०० कि.मि. यानि ६/७ विमान स्थलमा ३५ मिनेटभित्र पुग्न सकिन्छ र सो विमानस्थलबाट लुम्बिनी १८ कि.मि. पश्चिमतिर रहेको छ । लुम्बिनीको महत्त्व दर्शाउन सिद्धार्थले बुद्धत्व पाएपछि आफै तीर्थयात्रार्थ (दर्शनार्थ) आउनुभएको उल्लेख भएको पाइन्छ । त्यपछि लुम्बिनीमा दर्शनार्थ ईशापूर्व ३०० वर्ष अघिदेखि आफ्नो राज्यारोहणको २० औं वर्ष याने सन् २४९ वि.सि.मा सम्राट अशोक १२ देखि १४ शताब्दीका पश्चिम नेपालका प्रतापी खश मल्ल राजाहरु जितारी मल्ल, रिपु मल्ल, आनन्द मल्ल आदिका साथै तात्कालीन राजपरिवारका तीन पुस्ता श्री ५ महाराजाधिराज महेन्द्र, श्री ५ वडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह, तत्कालीन श्री ५ युवराजाधिराज वीरेन्द्र श्री ५ युवाराज्ञी ऐश्वर्य एवं शाह दर्शनार्थ सवारी होइबक्सेका थिए ।

ऐतिहासिक भ्रमणका सिलसिलामा संयुक्त राष्ट्रसंघका तीनजना महासचिबहरु क्रमशः सन् १९६३ अप्रिल २३ तारिखमा स्वर्गीय श्री उ थान्त् (U. Thant), श्री कुर्त वाल्ड हायम (Kurt Waldheim) सँगै उपमहासचिव श्री हावियार पेरेज दि कोयार (Javiser Perez de-Cuellar) पछि महासचिब भएपछि पनि श्री कोरियारले दर्शनार्थ आफ्नो श्रद्धा व्यक्त गर्न आएका थिए । त्यस्तै श्रीलंकाका राष्ट्रपतिहरु श्री जयवर्द्धने, राष्ट्रपति स्वर्गीय प्रेमदास, पूर्व प्रधानमन्त्री श्रीमती बन्दरनायक (Bandernike) थाईलैण्डका युवराजा वाजिर लंकर र युवाराज्ञी, जापानका युवराज नारुहिटो (Naruhito), थाईलैण्डका प्रधानमन्त्री प्रेम टिन सुनानन्द, युनेस्कोका कार्यकारिणी महानिर्देशक श्री यमबाउ, संयुक्त राष्ट्रसंघका अन्डर सेक्रेटरी जनरल श्री तथा श्रीमती विजिलोनसहित विभिन्न देशका प्रधानमन्त्री, मन्त्रीहरु र युनेस्को, विश्व बैंक, एशियाली विकास बैंकका महानिर्देशकहरु आदिले दर्शनार्थ लुम्बिनी भ्रमण गर्न आएका थिए ।

लुम्बिनीमा अज्ञानतावश वनदेवीको रुपमा पूजा गर्ने चलन थियो र त्यहाँ बलि चढाउने गर्दै आएको थियो । सो अज्ञानतालाई हटाउन नेपाल सम्वत् १०४५ मा श्री ३ महाराजा चन्द्र शम्सेर जंगबहादुर राणाले अब उप्रान्त भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा हिंसा, बलि दिने कार्यलाई रोकी बलि चढाउने प्रथालाई रोक्नुभयो । त्यस्तै सो स्थलको पवित्रतालाई धार्मिक श्रद्धाले कृतार्थ गर्न विक्रम सम्वत् २०१२ साल फागुण ७ गतेका दिन स्वर्गीय श्री ५ महेन्द्रबाट लुम्बिनी दर्शनार्थ सवारी हुँदा बुद्धजयन्तीका दिन भगवान् बुद्धको पवित्र जन्म दिनमा नेपाल अधिराज्यभर हिंसा कार्य बन्द गर्न घोषणा गरिबक्स्यो । सोही अनुसार बुद्धजयन्तीका दिन नेपाल अधिराज्यभरमा राष्ट्रिय पर्वको रुपमा बुद्धजयन्ती मनाउन मुलुकभरि सरकारी बिदा दिइयो ।

यसै बीचमा लुम्बिनी केही शताब्दीसम्म

अज्ञानतावश अपेक्षित भएर रहेकाथिए । भाग्यवश नेपालका पश्चिमाञ्चल कमाण्डिङ्ग जनरल श्री खड्ग शम्सेर र सुप्रख्यात पुरातत्त्वविद् श्री डा.एलोइज एन्टोन फुहरर (Dr. Alois Fuhrer) ले सन् १८९६ डिसेम्बर १ तारिखका दिन अशोकस्तम्भ भेटाई त्यसमा कुँडिएको 'हिडबुधेजाते सक्यमुनि ति' भन्नाले भगवान् बुद्धको जन्मस्थल यही हो भन्ने एकीन भएपछि भगवान् बुद्ध सिद्धार्थको जन्मस्थलको उज्यालो ज्योति फेरि एकपटक जगमगाइयो । सर्वप्रथम सन् १९५६ नोभेम्वर १५ तारिखदेखि २१ तारिखमा चतुर्थ विश्व भातृत्व संघको अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा हुँदा विदेशी र स्वदेशी सहभागीहरु सबैलाई राजाको आफ्नै हवाईजहाज VT.-C.V.C, भि.टि.-सि.भि.सि. समेत ४ वटा हवाईबाट लुम्बिनी दर्शनार्थ लगेका थिए । तत्पश्चात् सन् १९८६ नोभेम्वरमा सम्पन्न विश्व भातृत्व संघको १५ औं अन्तराष्ट्रिय सम्मेलनमा भाग लिन आएको विदेशी र स्वदेशी सहभागीहरुलाई पनि लुम्बिनी दर्शनार्थ लगेका र साथै कपिलवस्तु भ्रमण गर्नुभएको थियो् । एवं प्रकारले भगवान् बुद्ध सिद्धार्थको पवित्र जन्मस्थलको विकास गर्ने चर्चा परिचर्चा उठ्न थाले र एवं प्रकारले विकासको क्रम अगाडि बढ्ने कदम चल्न थालियो । तत्पश्चात् लुम्बिनी विकासको संक्षिप्त विवरण निम्नानुसार हुन थालिएको प्रस्तुत गरिन्छ ।

# ऐतिहासिक बौद्ध गाथाहरु

✍ न्हुछेरत्न बुद्धाचार्य, स्वप- ४

नेपाल उपत्यकाको जलासयको पानी निकास गरेर
मानव बस्ती बसाउने **महामञ्जुश्री** ।
गौतम बुद्धले उपत्यका भ्रमण गरेको वर्णन
किराती नरेश जितेदास्तीको शासनकालमा भएको इतिहास ।

यो भूमण्डलमा बौद्ध स्तुपको प्रतिस्थापन गर्ने
भारतका महाराज **अशोक** ।
प्राचीन बस्ती चावहिलको स्थापना गर्ने
महाराज अशोककी छोरी **चारुमती** ।

शाक्य वंशको ज्योति ।
प्राचीन कपिलबस्तुका महाराज **शुद्धोदन**
महामानव गौतम बुद्धको माता
**महारानी महामायादेवी** ।

एक बौद्ध आर्दश नारी
सिद्धार्थको जीवन संगिनी **यशोधरा**
योग्य पिताको योग्य पुत्र कहलिएका
गौतम बुद्धको सुपुत्र **राहुल** ।

जीवनको प्रत्येक पाइलामा संघर्ष गरेर
आफ्नो पति र सन्तानको दिलोज्यान दिएर सेवा गर्ने **पटाचारा** ।
तथागतलाई क्षिर भोजन दान गरेर
सम्यकलाई ज्ञानको भोक जगाउने **सुजाता** ।

निरङ्कुश शासक अजात शत्रुको विरोध गर्ने
बुद्धकानीन नर्तकी **आम्रपाली** ।
राग द्धेष मोहले घेरिएर हिंसक भएका **अंगुलिमाल** ।
(अमिताभको ज्ञान चक्षु पाएर अहिंसकमा परिवर्तन भयो ।)

प्राचीन नेपालमा पहिलो गणतान्त्रिक
इतिहास बोकेको बस्ती **कपिलबस्तु**
एशियाको ज्योतिको जन्म भएको
एक मनमोहक पवित्र भूमि **लुम्बिनी** ।

महाज्ञानी अर्हतले ज्ञानको ज्योति प्रज्ज्वलित गरेर
बोधिसत्व प्राप्त गरेको ठाउँ **बोधगया** ।
यो अनित्य संसारमा प्रत्येक मानवको मृत्यु वरण हुन्छ ।
भगवान बुद्धले **कुशीनगरमा महापरिनिर्वाण** भएको एक स्मृति ।

# Buddha's Teachings for Peace and Happiness

*Anagarika Agganyani 'Dhammachariya'*

Buddha delivered thousands of Dhamma discourses to diverse people in the various places for forty-five years; from the time he attained enlightenment until he passed into mahaparinbbana. The words of the Buddha are collected in Tipitaka which means three baskets (Pitakas) are the Vinaya-Pitaka, the Sutta- Pitaka and the Abhidhamma-Pitaka. The Vinaya- Pitaka is the monastic discipline, Sutta Pitaka is the popular discourses of Buddha, and Abhidhamma Pitak is a compendium of profound teachings clarifying the functioning and interrelationships of mind, mental factors, matter and the phenomenon transcending all of these. Buddha's teachings are for peace and happiness of all living beings. Here are mentioned some teachings of Buddha that should be practiced for peace and happiness.

--The Practice of Morality (Sila) for Peace and Happiness

Sila is a moral conduct, discipline, good behavior or keeping bodily actions and verbal actions properly or good performance. Morality services as the foundation for the development of all meritorious deeds. The five precepts one should cultivate are as follows:

= *I observe the precept to abstain from killing living beings.*

= *I observe the precept to abstain from taking things what is not given.*

= *I observe the precept to abstain from sexual misconduct.*

= *I observe the precept to abstain from telling lie.*

= *I observe the precept to abstain from taking any king intoxicants.*

The five precepts, preached to the world by the Buddha twenty five centuries ago, are never out of date. We find them very much relevant to the present circumstances of the world. If we practice the morality, most of the world's problems such as wars, national conflicts, terrorism, corruption, the speared of AIDS, human trafficking, drug abuse and environmental deterioration would be solved. Morality helps one to promote good conduct to be free from blameworthy of immoral actions. Such moral actions lead to good results and hence create peaceful environment.

The Practice of Metta for Peace and Happiness

The simple meaning of the Metta (Maitri) is loving kindness. Everyone wants peace and happy. Realizing this fact, one should promote such activities the contributes to peace and happy. The reverse meaning of Metta is angry, annoyed, irritated etc. Usually we get angry, irritated, frustrated when we do not fulfill our wish. We think that the cause of anger is outside. Actually anger starts from our heart. Anger makes our life miserable. It is a destructive emotion that has caused much misery in the world and in our own lives. It beings from the mind and it is at the sources, the mind that must be checked and eliminated.

When we angry, we are actually harming ourselves. In Visuddhimagga (The path of purification), it is stated 'By being angry with another, you may or may not make him suffer but you are Centainly Surffering now." And "By getting angry you are like a

man who wants to hit another and picks up burning ember and had so first burned yourself." In this way we may or may not harm other by our anger but we are certainly harming ourselves.

On the other hand, a clàm and peaceful state of mind is conducive to both mental and physical well-being that contribute to peaceful environment. The terrible state of mind leads to harmful environment. The practice of Metta loving kindness is the effective remedy keep peace,

It is genuine desire for the Well-being of all being including ourdelves. So when We practice loving-kindeess and wisd for out own happiness, saying

*May I be free from harm and danger.*
*May I be free from mental suffering.*
*May I be free from physical suffering .*
*May I take care of myself happily.*

This should not be intenpreted as selfishness because, in order- to send out thoughts of loving kindness to other we have to generate these thought first in ourselves. Also when we send thought to ourselves, we can take ourselves an examples, That means, when we say " May I be well, hppy and peaceful" we think "Just as I want to be well, to be able to practice loving kindness toward others beings, we first have to practice loving-kindness toward ourselves. Then we send our thought to other beings like,

A person who practices Metta will always keep away from the evil actions. Such practice leads to promote peace and happiness. That is why the Buddha states,

*Hatred is indeed never appeased by hatred in this world.*
*It is appeased only by loving kindness.*
*This is a law Eternal.*

The Practice of Vipassana Meditation for Peace and Happiness

Conflict, struggles, violence, crisis are common in these days. Such situations create no peace in individual and in society. We think that the peace will come automatically when there is no war or conflict outsides. But, Buddhism explains beyond the situations. Buddhism emphasis inner peace rather than peace at surface. When we analyze the root cause of conflicts, these are the result of the mental conflicts such as greed, avarice, lust, anger, hatred, etc. In Pali wobld it is called Kilesas (defilements). These defilements are the main root of the conflict inside and the outside. In fact, conflicts is the result of the polluted mind with defilements.

Vipassana meditation is scientific technique to purify our mind and body. The ultimate purpose of Vipassana is to eradicate mental impurities from our mind altogether. Vipassana meditation is a technique, helping the persons to control themselves in every thought, every speech and every action. Vipassana enables the pérsons to experiences peace and harmony. It purifies the mind, freeing it from suffering and deep-rooted causes of suffering. The practice leads step-by step to highest spiritual goal of full liberation from all mental defilements'.

In Dhammapada it is stated regarding the mind.

*' Whatever harm and enemy may do to an enemy, or a hater to a hater, an ill-directed mind can do one far greater harm.'*

In this way the analysis the root cause of conflict, struggles, violence, crisis are the mental difilements: greed, avarice, lust, anger, hatred, etc. These defilements pollute our mind and body. If we keep away from such defilements, mind and body will be purified. Such purified mind contributes to promote peace and happiness inside and outside. The teachings of the Buddha is also summarized in this verse in Dhammapada:

*Sabbapapassa akaranam*
*Kusalassa upasampada*
*Sacittapariyodadapanam.*

*Etam Buddhana sasanam.*

Not to do evil, to cultivate good, to purify one's mind- this is the teachings of the Buddhas. So, the simple meaning of the verse is do Good and be good.

Hence, let us practice and cultivates the good things and avoid the evil actions. The practice of five precepts, the practice of loving kindness and Vipassana meditation practices encourage us to rid ourselves of all negative aspects of Life, It is of Course of very good for us to get rid of- all sorts of defilements in life, inclinations to greed, anger, delusion, hatred and other harmful acts. Really, such positive attitude, behavioral practice generates real peace and happiness.

May all beings be in peace and happiness.

बौद्ध साहित्यिक पत्रिका
अर्हत
नियमित प्रकाशनमा सफलता
मिलोस् भन्ने कामना गर्दछ।
भक्तपुर ईंटा उद्योग व्यवसायी संघ
जगाती, भक्तपुर

बौद्ध साहित्यिक पत्रिका अर्हत् नियमित
प्रकाशनमा सफलता मिलोस् भन्ने
कामना गर्दछ।
भक्तपुर ट्रक व्यवसायी संघ
जगाती, भक्तपुर

# क्यान्छ्या लामा

◆ रत्नसुन्दर शाक्य



रत्नसुन्दर शाक्य

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थान गर्न बीजको रुपमा भूमिका निभाउनु भएका प्रमुख व्यक्ति हुनुहुन्छ- तिब्बतबाट नेपालका विभिन्न स्तुपहरु दर्शन गर्न आउनु भएका कुनसो लोसेव लामा वा क्यान्छ्या लामा।

उहाँको जन्म १९ औं शताब्दिको अन्तिम दशकतिर तिब्बतको ग्यांचीमा भएको थियो। उहाँले यौवन अवस्थामै मनुष्य जन्म भएकोलाई सफल तुल्याउने हेतु सद्धर्मको पहिचान गर्न एक योग्य गुरुको खोजमा ल्हासा शहरबाट सूदूर उत्तर खाम (अम्दे) प्रदेशमा पुग्नु भई त्यहाँस्थित सद्गुरु चावै लामाको दर्शन गरी उहाँको अनुशरणमा रहँदै आएका थिए।

एक दिन सद्गुरु चावै लामाले कुनसाँ लोसेललाई नेपालस्थित विभिन्न चैत्य (स्तूप) हरु, विशेषत: स्वयम्भू चैत्यको निकै प्रशंसा सुनाउनु भएको रहेछ, अत: उहाँले नेपाल आउने दृढ संकल्प लिनुभएको थियो।

उहाँको दृढतालाई हृदयगम गरी गुरु चावै लामाले पनि उहाँको सहायतार्थ आफ्नो पुण्य र समाधिको बल, मन्त्र आदिको प्रयोग गरी एक यस्तो चीज प्रदान गरियो, जसमा कही कतै बाटोको सहीं पहचान हुन नआए कुनसाँ लोसेलले श्रद्धा र भक्तिका साथ ध्यान गर्दै लगे त्यस वस्तुमा स्वयम्भू चैत्य पुग्ने सही बाटो छर्लङ्ग हुन आउँथ्यो, त्यस वस्तु हो- ज्वालान्हाय्कं।

कुनसाँ लोसेल लामाले पनि आफ्नो गुरुको आश्रम (गुम्बा) दौड्नु अगाडि स्वयम्भू चैत्य दर्शन गर्न जाने आफ्नो संकल्प पूरा गर्ने क्रममा यस्तो प्रतिज्ञा पनि गर्नुभएको थियो कि बाटोमा जति कष्ट सहनु परे पनि, वर्षा, हावा जति आएपनि ठण्डा, गर्मी जति सहनु परे पनि आफू अष्टाङ्ग दण्डवत् गर्दैजाने महाप्रण लिए अनुरुप साँच्चै नै धैर्य पूर्वक ४ वर्ष ६ महिना बिताई अष्टाङ्ग दण्डवत् गर्दै ने.सं. १०४५ (वि.सं. १९८१ सन् १९२४) को फागुन महिनामा काठमाडौं उपत्यकामा पुग्न आउनु भएको थियो।

यसरी ४ वर्ष ६ महिना लगाई अष्टाङ्ग दण्डवत् गर्दै नेपाल पुग्नुभएका लामा हुनाको कारण उहाँको सही नाम कुनसां लोसेल भन्दा अष्टांग दण्डवत् गर्दै आएको लामाको अर्थ अनुरुप क्यान्छ्या लामाको नामबाट नै सुप्रसिद्ध हुन आए।

कुनसाँ लोसेल वा क्यान्छ्या लामा सर्वप्रथम प्रसिद्ध नमो बुद्ध (नमुरा) चैत्यमा पुग्नु भएको थियो। नेपालका विभिन्न स्तूपहरुको दर्शन गर्ने त्यसरी दुष्कर चर्या गर्दै आउनुभएको कुरा त्यहाँ स्थित: (धर्मकार्यमा लाग्दै आएका) दानजीव साहूले थाहापाएबाट लामाज्यूदेखि प्रभावित भई उहाँसित स्वयम्भू चैत्यको दर्शन पश्चात् यही रहने विचार

गर्नु भएको छ कि भनेर तिब्बती भाषामै सोध्नु भएको थियो, जसको जवाफ यस्तो केही प्रबन्ध वा बन्दोवस्त गर्ने गराउने लक्ष लिएर आएको थिएन भन्ने जवाफ पाउना साथ दानजीव साहूले तँलाछी (त्यौड) स्थित आफ्नो मामा धर्ममान साहू (वि.सं. १९१८-१९९४) को नाममा एउटा पत्र लेखी क्यान्छा लामालाई दिई भन्नुभयो ।

'तपाई धमां (धर्ममान) साहू कहाँ जानुस् । उहाँले सबै प्रबन्ध गरिदिनुहुनेछ ।'

क्यान्छा लामा पनि नमो बुद्ध चैत्यको दर्शन पश्चात् फागुन पूर्णिमाका दिन स्वयम्भू चैत्यमा पुग्नु भएको थियो । स्वयम्भूको उकालो (सिढीमा) समेत उहाँ अष्टाङ्ग दण्डवत् गर्दै माथि पुग्नु भएको थियो । स्वयम्भू चैत्य दर्शन गरिसके पछि क्यान्छा लामाले पश्चिमाभिमुखको रुपमा अवस्थित अमिताभ बुद्धमुर्तिको दर्शन पश्चात् आफ्नो दुष्कर चर्या (अष्टांग दण्डवत्) समापन गर्नुभएको थियो ।

यसरी क्यान्छा लामाले स्वयम्भू चैत्यको प्रदक्षिणा गरी आफ्नो दृढ संकल्प पूरा गरिसकेपछि नमोबुद्धमा रहेका दानजीव साहूले दिइपठाएको पत्र एवं ठेगाना स्वयम्भू चैत्य दर्शनार्थ आएका भक्तजनहरुलाई देखाउँदै धर्ममान साहूको घर पत्तालगाउनमा लागे ।

धर्ममान साहूले यस कुरालाई थाहा पाउनासाथ तत्कालै क्यान्छा लामालाई आफ्नो घरमा आमन्त्रण गरियो । लामाज्यूको शीलस्वभावबाट प्रभावित भई धर्ममान साहूले उहाँको निमित्त सारा प्रबन्ध आफ्नै घरमा गरिदिनुभयो ।

एक लामा ४ वर्ष ६ महिना विताई अष्टाङ्ग दण्डवत् गरी नेपाल आउनु भएको कुरा एवं उहाँ लामाज्यू धर्ममान साहूको घरमा रहेको कुरा कान्तिपुर, भक्तपुर, ललितपुर एवं आसपासका विभिन्न ठाउँहरुमा खबर फैलिसकेको थियो, अतः धर्ममान साहूको घरमा दर्शनार्थीहरुको घुईचो हुँदै गयो ।

दर्शनार्थीहरुमा केही शिक्षित व्यक्तिहरुले उहाँबाट केही ज्ञान गुणको कुरा पनि सुन्ने इच्छा व्यक्त गरे तर लामाज्यूले आफू शिक्षित व्यक्ति नभएको कुरा बताउनुहुन्थ्यो, तैपनि श्रद्धालुहरु उहाँको गम्भीर स्वभाव र विनम्रताबाट प्रभावित भई केही न केही भए पनि उहाँको राम्रो उपदेश सुन्ने आशयमा थिए ।

त्यसकारण विवश भई क्यान्छया लामाले धर्मोपदेश कार्य शुभारम्भ गर्नुभएको थियो । यसको आधारको निमित्त उहाँले 'कुनसा लामे स्यालु ङोन्दु' (समन्त बुद्धको अमृतवाणी) 'कुनसा एक ग्रन्थ, जुन उहाँले आफूले पाठ गर्नको निमित्त ल्याउनुभएको थियो । त्यसैको आधारमा उहाँले त्यसमा आएको विशेषतः 'चार-रत्न' को बारेमा विस्तृतरुपमा तिब्बती भाषाबाट धर्मोपदेश गर्नुहुन्थ्यो । वहाँको तिब्बती भाषालाई धर्ममान साहूका एक व्यापारी मित्र, जो कान्तिपुरकै यटखाबाहालका थिए बेखारत्न ताम्राकारले ठीक त्यसको अनुवादमात्र गरिदिनुहुन्थ्यो । उहाँमा कथाशैली, हावभाउ एवं स्वर पनि अलि विस्तृत नहुनाको कारण पुनः उहाँले गर्नुभएको अनुवादलाई त्यसताका कथावाचन गर्नेहरुमा ख्यातिप्राप्त पाटन रुद्रवर्ण महाविहार (उकुबाहा) का पं. बुद्धिराज शाक्यले विस्तृतरुपमा सबैले बुझ्ने गरी व्याख्या गरिदिनुहुन्थ्यो । अतः क्यान्छा लामाको 'कुनसाँलामे स्यालु ङोन्दु' धर्मव्याख्यानलाई पं. बुद्धिराज शाक्यले आफ्नै विशेषता सम्पन्न शैलीले बुझाइदिनुको कारण त्यसताका प्रायः सम्पूर्ण श्रोतावर्गहरुलाई त्यस उपदेशबाट प्रभावित भएको थियो ।

धर्ममान साहूको बैठकबाट सुरु भएको धर्म व्याख्यान कार्यपछि आएर धर्ममान साहूको बैठकबाट नभ्याएपछि क्यान्छया लामालाई स्वयम्भूपर्वतस्थित मञ्जुश्री स्थानमा धर्मोपदेश गराउने बन्दोबस्त गराएको स्वयं धर्ममान साहूले नै गर्नुभएको थियो ।

वि.सं. १९८२ सालको बेशाख महिनाभर क्यान्छया लामाज्यूले साहू बैखारत्न ताम्राकार र पं. बुद्धिराज शाक्यलाई द्विभाषिया बनाई हजारौको संख्यामा उपस्थित जनसमूहलाई 'कुनसां लामे स्यालु ङोन्दु'को उपदेश सुनाई धर्मबोध गर्न सफल हुनुभएको थियो । उहाँले दिनको ३ घण्टा (मध्यान्को ३ बजेदेखि साँझ ६ बजेसम्म

धर्मोपदेश गर्नुहुन्थ्यो ।

स्वयम्भूको मञ्जुश्री स्थानमा धर्मोपदेशको कार्यक्रम सकिएपछि विभिन्न ठाउँहरुमा पनि उहाँलाई धर्मोपदेश गराउन निम्त्याएको थियो, जसअनुसार पाटनमा समयानन्द धाख्वा: साहूको बैठकमा, नागबहालाई लाँननीमा, भक्तपुरको आदिपद्ममहाविहार (तोम्बाहा) मा, बुङमतीको अमरावती महाविहार एवं कीर्तिपुरमा पनि उहाँले धर्मोपदेश गर्न जानुभएको थियो ।

यसको अतिरिक्त श्रद्धावान्हरुले क्यान्छ्या लामाज्यूको तर्फबाट आ-आफ्नो घरमा विभिन्न पूजापाठ पनि गर्न लगाएका थिए । त्यहाँ पनि उहाँले उपर्युक्त द्विभाषियाहरु साथ राखी धर्मोपदेश गर्ने गर्दथ्यो ।

यस्तै एक दिन कान्तिपुरको लगनटोल स्थित हीरारत्न शाक्यको घरमा क्यान्छ्या लामाज्यूको तर्फबाट छो पूजा एवं धर्मोपदेशको कार्यक्रम भइराखेको थियो । त्यही सर्वप्रथम आधुनिक युगका पहिलो स्थविरवादी भिक्षु हुनेवाला भिक्षु महाप्रज्ञा, जो त्यसबेला प्रेमबहादुर श्रेष्ठ थिए लाई उहाँको एक मित्र बाल्चिनी मानन्धरको साथ लगी त्यस पूजा एवं क्यान्छ्या लामाको धर्मोपदेश सुनाउनमा सरिक गराउनुभएको थियो ।

सुरुमा त्यस पूजा स्थानको गतिविधि एवं मांस भएको प्रसाद वितरणबाट प्रेमबहादुर श्रेष्ठ अप्रसन्न भइराखेका थिए, पछि क्यान्छ्या लामाले गर्नुभएको चार-रत्नको उपदेशबाट, जसको भावार्थ पं. बुद्धिराजले गर्नुभएको थियो बाट प्रभावित भई त्यस दिनदेखि भावी स्वविरवाद बुद्धधर्मका प्रचारक प्रेमबहादुर श्रेष्ठले क्यान्छ्या लामालाई नछोडिकन सेवा गर्दै जानुभएको थियो ।

वि.सं. १९८१ सालको फागुन महिनामा नेपाल पुग्नु भएका क्यान्छ्या लामाज्यू केही महिनाको अवधिमा ५/६ हजार जति श्रद्धाजन्हरुलाई बुद्ध-धर्मको अवबोध गराई स्वदेश फर्कनु भएको थियो ।

प्रेमबहादुर श्रेष्ठ, क्यान्छ्या लामाज्यू नेपाल ( कान्तिपुर) मा रहेसम्म सेवा गरिसकेपछि उहाँले साथ नलगेतापनि क्यान्छ्या लामापश्चात् नेपाल दर्शन गर्न आउनु भएका कुश्यो रिम्पोछे, उहाँ पनि धर्ममान साहूकै आश्रममा रहेका थिए का साथ केरुङ्ग पुग्नुभई सन् १९२४ मा महायानी परम्परानुसार प्रब्रजित भई 'पल्छेन श्यख' को नामबाट घेलुं हुनुभएको थियो । 'पल्छेन श्यख' को अर्थ हो- महाप्रज्ञा ।

महाप्रज्ञा पछि केरुङ्गबाट कान्तिपुर आउनुभयो र आफू सरहका अन्य ४ जना प्रवजितहरु महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति थिएका साथ कान्तिपुर शहरमा भिक्षाटन गर्दै हिडे । यस्तै भिक्षाटन गरिरहेको बेला एक दिन इर्ष्यालु सन्तधारी ब्राम्हाणवादीहरुको चुगलीबाट उहाँहरु पाँचै जना सहित नागार्जुन डाँडामा राजाज्ञा लिई रहँदै आउनु भएका छेरिङनोर्बु गुरुलाई समेत राणा सरकारको तर्फबाट वि.सं. १९८२ सालको श्रावण महिनामा देश निर्वासन गराउन सतापक्षका धर्मान्ध हिन्दुब्राम्हणहरु सफल भएका थिए ।

५ जना घेलुहरुमा विशेषत: महाप्रज्ञा देश निर्वासनपछि आफू एक्लै एबं गुरु छेरिङनोर्बुका साथ विभिन्न ठाउँहरुमा पुगी धर्म अध्ययन गर्दै जानुभएको फलस्वरुप पछि सन् १९२८ (वि.सं. १९८५) मा कुशीनगरमा स्थविरवादी ऊ चन्द्रमणि महास्थविरको तर्फबाट पूर्णरुपमा स्थविरवादी श्रामणेर हुनुभयो र ३ वर्षपश्चात् सन् १९३१ को वैशाख पूर्णिमाका दिन बर्माको रंगूनमा थेरवाद परम्परानुसार उपसम्पन्न 'भिक्षु महाप्रज्ञा' हुनुभएको थियो ।

वि.सं. १९८२ सालमा तिब्बत फर्कनुभएको क्यान्छ्या लामाज्यू पुन: दोस्रोपटक वि.सं. १९८६ सालमा नेपाल आगमन गर्नु भएको थियो र यसपटक श्रद्धावान्हरुलाई आफ्नो चर्चा एवं अन्य दीक्षाहरु दिई तिब्बत फर्कनु भएको थियो ।

उहाँको तेस्रो पटक नेपाल आगमन वि.सं. १९९८ सालमा भएको थियो । यस पटक उहाँ नेपालबाट मानसरोवर (अनोतप्त दह) प्रस्थान गर्नुभएको थियो । मानसरोवरको यात्राबाट फर्कनुभएको १० दिनपछि वि.सं. १९९९ सालको कार्तिक २२ गते, लक्ष्मीपूजा (कार्तिक

कृष्ण चतुर्दसी) का दिन स्वयम्भूचैत्यस्थित शान्तिपुर नजदिक तामाङगुम्बामा आफ्नो ५० वर्ष जतिको जीवनकाल समाप्त गर्नुभएको थियो ।

क्यान्छया लामाको नेपाल आगमनबाट हुन आएका केही परिणाम (गतिविधि)हरु-

१) नेपाली जनसमुदाय हजारौंको संख्यामा एकत्रित भई धर्मश्रवण गर्न पाउनु ।

२) 'लामा' रुपलाई हेयरुपले हेर्ने स्थानमा, लामा एक गुरुको रुपमा राखि कदर गर्दै ल्याउनु ।

३) क्यान्छया लामाले देशना गर्नुहुने 'कुनसाँलामे स्यालु डोन्दु' धर्मग्रन्थलाई नतमस्तक भई ढोगेको कुरालाई लिएर, लामालाई ढोगेको कुरा उठाई तुलाधर (उदास) र बज्राचार्यहरुका बीचमा उग्ररुपमा कलह उत्पन्न हुनु जसको निवारण २००७ सालको जन क्रान्तिपश्चात मात्र पूर्ण रुपमा निर्मूल भएको थियो। त्यस कृत्रिम कलहलाई शान्त पार्नमा विशेष योगदान दिनुभएको सुधारवादी व्यक्तिहरु हुनुहुन्छ धर्मरत्न 'यमि', प्रेमबहादुर कंसाकार, दयावीर सिह कंसाकार र लोकदर्शन बज्राचार्य आदि ।

४) नेपालभाषाका एक स्तम्भ योगवीरसिह कंसाकार (ने सं. १००६) को उदय ।

५) नेपालमा स्थविरवाद बुद्धधर्मका पुरुद्धारक महाप्रज्ञा (वि.सं. १९५८-२०३५) को उदय ।

६) महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिका अतिरिक्त अन्य धेरै श्रद्धालुहरु लामाको उपदेश सुनी संसारबाट विरक्त भई गृहत्याग गरी प्रवजित जीवन विताउँदै बुद्धधर्म प्रचार प्रसार अद्यावधिसम्म गर्दै गराउँदै आएको ।

यहाँहरुमा विशेषत: ध्येलूं कार्मा छु छिमं (कर्मशील, काजीरत्न) ध्येलुं गेले ग्याचो (भिक्षु शुभसागर, सन्तराज ध्येलुं मानकाजी आदि प्रमुख थिए ।

## सम्पादकलाई चिठी

श्रीमान सम्पादकज्यू
अर्हत् त्रैमासिक, भक्तपुर ।

**विषय: ध्यानाकर्षण सम्बन्धमा ।**

नेपाल सरकारले गत २०७१ मसिरको मध्यतिर विभिन्न गा.वि.स.हरुलाई हटाएर नयाँ नगरपालिकाहरु घोषणा गरेको ब्यहोरा यहाँहरुलाई विदितै होला । त्यस्तै भक्तपुर जिल्लाका बाँकी अस्तित्वमा रहेका १६ गा.वि.स.हरुलाई पनि चारचार गा.वि.स. पर्नेगरि ४ नयाँ नगरपालिका नेपाल सरकारले घोषणा गरेको थियो । जसमा चाँगु नगरपालिका, सूर्यविनायक नगरपालिका, अनन्तलिंगेश्वर नगरपालिका र महामञ्जुश्री नगरकोट नगरपालिका हुन् । शुरुका ३ नगरपालिका बैदिक देवतासंग सम्बन्धित हुन् भने अन्तिम १ नगरपालिका बौद्ध देवता र पर्यटकीय स्थलसंग सम्बन्धित हुन् ।

शुरुमै नामाकरण घोषणा अवस्थादेखिनै केही षडयन्त्रको आभाष देखिएकैछ । हाल आएर महामञ्जुश्री नगरकोट नगरपालिका नाममै लामो भएको निहुँमा नगरकोटमात्र राखिएको सुनिन्छ । कि त सबै नगरपालिकाहरुको नाम धर्मनिरपेक्षतालाई सम्बोधन गरि हुनुपर्दथ्यो नभए एउटाको नाम मात्र अपाच्य भयो भनि फेरबदर गर्नु के न्यायसंगत छ ? कुनै पनि प्रकारले अतिवादी चरित्रको चित्रण भएन र ? देश सबैको साझा हो भनि बोध गराउन नसक्नु कति सम्मको लज्जास्पद कुरा हो । के शहीदले एउटै धर्म, जात, भाषाभाषीले शासन चलाउन् भन्ने आशयले बलिदान गर्नु भएको थियो ? पक्कै पनि होइन । तसर्थ, अतिवादीसंग कुम मिलाउन खोज्नेलाई चिन्नु पर्यो । देशको अस्तित्वनै खतम पार्ने काममा पनि यस्तै अतिवादीले भूमिका निर्वाह नगर्ला भन्न सकिन्न ।

तसर्थ नगरकोट नगरपालिकाको सट्टा बरु महामञ्जुश्री नगरकोट नगरपालिकानै नेपाल सरकारले नामाकरण गरेअनुसार कायम गराउनमा यहाँहरुको तर्फबाट पनि पहल होस् भनि ध्यानाकर्षण गराउँदछौं ।

सचिव.
पदमसुन्दर शाक्य

# श्रद्धेय कल्याणमित्र डा. सानु भाइ डंगोल एक चिनारी (स्मृति)



श्री कृष्णकुमार प्रजापति

○ कृष्णकुमार प्रजापति, सचिव, नगदेश बौद्ध समूह

१) जन्म : श्रद्धेय कल्याण मित्र लोक प्रसिद्ध बौद्ध विद्वान, दरवार विशेषज्ञको रुपमा चर्चित व्यक्तित्व डा. सानु भाइ डंगोलज्यूको जन्म वि.सं. १९९९ साल पौष २३, बृहस्पतिबार, तदनुसार ई.सं. १९४३ जनवरी ६, विहीबारका दिन श्रद्धेय ममतामयी माता देवकुमारी डंगोल एवं श्रद्धेय पितृस्नेही पिता रत्नमान डंगोलज्यूको कोखबाट जन्मनु भएको थियो। कलिलो उमेर देखि नै सरल जीवन यापन गरी इमानदार व्यक्तित्वको रुपमा हुर्कनु भएको थियो। उहाँ जो कोहीसित पनि मिलनसार भइ व्यवहार गर्ने व्यक्तित्व हुनुहुन्थ्यो।

२) राजप्रसाद सेवा : डा. सानु भाइ डंगोलज्यूले १६ वर्षको उमेरमा वि.सं. २०१४ साल श्रावण १ देखि 'बहिदार' पदमा राजदरवार सेवामा प्रवेश गरी निरन्तर रुपमा सेवारत भई नियमानुसार बढुवा हुनु भइ 'सह-सचिव' पद सम्ममा पदासिन हुनु भइ २०५० साल बैशाख १ गते सो पदबाट अवकाश ग्रहण गर्नु भएको थियो। उहाँले राजदरवार सेवामा कार्यरत रहनु हुँदा उहाँको तर्फबाट सम्पादन भएका कार्यहरु निम्न लिखित थिए :

क) दक्षिणकाली क्षेत्र विकास समितिका प्रथम अध्यक्ष भइ कार्य गर्नु भएको।

ख) काठमाण्डौ उपत्यका धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समन्वय समितिका प्रथम सदस्य सचिव भइ कार्य गर्नु भएको।

ग) पशुपति क्षेत्रका धार्मिक र विकास कार्यहरुको सुपरिवेक्षण गर्नु भएको थियो, सो कार्य सम्पादन भएकोले नै होला उहाँको नाम श्री पशुपतिनाथ मन्दिरको भित्री छतमा कुँदिएको छ।



श्री सानुभाइ डंगोल

३) शैक्षिक क्षेत्रमा योगदान : डा. सानुभाइ डंगोलज्यूले निरन्तर रुपले इमानदार र कर्तव्यनिष्ठ भइ ३५ वर्ष ८ महिना राजदरबार सेवामा समर्पित भइ सकेपछि, सो सेवाबाट गत २०५० बैशाख १ बाट सेवा निवृत भइ सकेपछि उहाँले निम्न क्षेत्रमा अध्यापन प्राध्यापन गर्नु भएको थियो।

क) सरस्वती बहुमुखी क्याम्पसमा करिब ६ वर्षसम्म आँशिक शिक्षक भई राजनीति शास्त्र विषयमा प्राध्यापन गर्नु भएको।

ख) त्रि.वि.वि बौद्ध अध्ययन विभागको प्रारम्भिक कालमा ३ शैक्षिक सत्रमा आंशिक शिक्षक भइ प्राध्यापन गर्नु भएको। सो अवधिमा Class notes को रुपमा तयार

गरेको सामग्रीलाई संकलन गरी पछि सन् २००१ मा "Lectures on Buddhism" पुस्तक नै प्रकाशन गर्नु भएको थियो ।

ग) लुम्बिनी बौद्ध विश्वविद्यालयमा करिब ४ वर्षसम्म अनुसन्धान समितिको सदस्य भइ सेवा सम्पादन गर्नु भएको ।

घ) लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गतका महायानी संकाय सुगत बौद्ध महाविद्यालयका प्रथम प्राचार्यको रुपमा कार्य सम्पादन गरी प्राध्यापन समेत गर्नु भएको ।

ङ) थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको आजीवन सक्रिय सदस्य भइ ओजपूर्ण सल्लाह समेत प्रदान गरी आउनु भएको ।

४) शिक्षा : डा. सानुभाइ डंगोलज्यूले एम.ए. ( राजनीतिशास्त्र) र पीएच.डी. (विद्यावारिधि) राजनीतिमा नै गर्नु भएको ।

५) कृतिहरु : डा. सानुभाइ डंगोलज्यूले राजदरवार सेवामा समर्पित हुँदा होस् वा सेवा निवृत्त भइ रहँदाको अवस्थामा होस् उहाँको कलमले अविश्रान्त कार्य गरि रहँदा निम्न लिखित कृतिहरुको जन्म हुन पुगेको थियो । सो कृतिबाट उहाँमा कतिको विद्वत प्रतिभा रहेछ भन्ने ज्ञात हुन आउँछ । उहाँको कृतिहरु अध्ययन गर्नुहोस् र उहाँलाई पहिचान गर्नुहोस् ।

१) Stray sentiments (1991 A.D)

२) The Pashupatinath (1993 A.D)

३) SotaPanna or flash of Enlightenment : Some Experiences (1996 A.D)

४) श्रोतापन्न अर्थात निर्बाणको दर्शन : केही अनुभूतिहरु -वि.सं. २०५४)

५) Palace in Nepalese politics (1996 A.D)

६) Lecture on Buddhism (2001 A.D)

७) नेपाली राजनीतिमा दरबार (वि.सं. २०६३)

८) बौद्ध इतिहासका केही पृष्ठहरु बुद्ध धर्ममा देखा परेका विकृति र विचलनहरु सम्बन्धमा एक अध्ययन ( वि.सं.२०६३)

९) अर्न्तमनका आवाजहरु (वि.सं.२०६४)

१०) धर्म निरपेक्षता र यसको उपादेयता : नेपालको सन्दर्भमा (वि.सं. २०६७)

११) प्राग बौद्धकालीन दार्शनिकहरु (Pre- Buddhist philosophers) (वि.सं. २०७०)

६) नगदेश बौद्ध समूहसित आवद्ध : थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको सक्रीय आजीवन सदस्य हुनु भए देखि नै नगदेश बुद्ध विहार, नगदेश बौद्ध समूह एवं बौद्ध ल्यायम्ह पुच: नगदेशसित श्रद्धेय कल्याणमित्र, लोकप्रशिद्ध बौद्ध विद्वान डा. सानु भाइ डंगोलज्यूको साइनो कस्न पुग्यो । नगदेश बौद्ध समूहको हरेक क्रियाकलापमा समेत उहाँ संलग्न भइ उचित सल्लाह र निर्देशन समेत दिनु भई नगदेश बुद्ध विहारको प्रशंसा समेत गर्नु हुन्थ्यो । नगदेश बुद्ध विहारप्रतिको उहाँको घनिष्ठताकै प्रतिबिम्ब भन्नु पर्ने हुन्छ । उहाँबाट वि.सं. २०६३ पछि प्रकाशित कृति रचनाहरुमा 'अन्तर्मनका आवाजहरु (वि.सं. २०६४)' बाहेकका सबै कृतिहरु प्रकाशन गरी वितरण गर्ने समेत सुअवसर दिनु भएको थियो । डा. सानु भाइ डंगोलज्यूको विद्वताको प्रतिकृति नै भन्नु पर्दछ उहाँले विद्यावारिधि (पिएच.डी) गर्नु भएको बेलामा तयार गर्नु भएको शोध ग्रन्थ "The palace in Nepalese Politics" को नेपाली अनुवाद कृति -'नेपाली राजनीतिमा दरबार (वि.सं.२०६३)' प्रकाशन गर्ने सुअवसर नगदेश बौद्ध समूहका भातृ संगठन -बौद्ध ल्यायम्ह पुच, नगदेशलाई प्राप्त भएको पनि आजको घडीमा पुन संस्मरण गरिन्छ । तत्पश्चात् महायानी बुद्ध धर्मका प्रख्यात धर्मगुरु रिम्पोछे श्रीधर राणासित धर्म सम्बाद भएको प्रतिकृति, जुन नेपाली बौद्ध जगतमा ख्याती पाएका कृति -'बौद्ध इतिहासका केही पृष्ठहरु बुद्धधर्ममा देखा परेका विकृति र विचलनहरु एक अध्ययन (२०६३)' पनि बौद्ध ल्यायम्ह पुच: नगदेशबाट दोस्रो प्रकाशनको रुपमा लोकार्पण गर्ने मौका पाईयो । यस कृतिबाट ज्ञात हुन आउँछ कि डा.सानु भाइ डंगोलज्यूको विद्वतायुक्त कलम कति तिखारिएको छ ।

त्यस्तै गरी जन आन्दोलन - द्वितीय सम्पन्न भए पश्चात निर्मित अन्तरिम सम्बिधानमा धर्मनिरपेक्षता

समावेशाको क्रममा थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको आयोजनामा गरिएको एक दिवशीय गोष्ठीमा श्रद्धेय डा. सानुभाइ डंगोलज्यूले **'धर्म निरपेक्षता र यसको उपादेयता: नेपालको सन्दर्भमा'** जस्ता सामयिक एवं सान्दर्भिक कार्यपत्र प्रस्तुत गरी आफ्नो विद्वता प्रदर्शन गर्नु भएको थियो, सो कार्यपत्र र सम्बधी लेखहरुको संगालोको रुपमा बौद्ध ल्यायम्ह पुच नगदेशबाट तेस्रो प्रकाशनको रुपमा लोकार्पण गर्ने पुन: सुअवसर प्रदान गर्नु भएको थियो श्रद्धेय डा.डंगोलज्यूबाट वि.सं. २०६७ साल पौष ६, मंगलबार, योमरी पूर्णिमा, धनधान्य पूर्णिमाको दिनमा ।

नगदेश बौद्ध समूह २०४५ प्रति उहाँ डा. सानु भाइ डंगोलज्यूको साइनोको प्रतिकृति अन्तिम रुपमा गत २०७० साल श्रावण ७, सोमबार, असार पूर्णिमाको दिनमा २५५७ औ धर्मचक्र पवर्तन दिवसको उपलक्ष्यमा 'प्राग्-बौद्धकालीन दार्शनिकहरु' (Pre-Buddhist Philosophers) प्रकाशन गरी लोकार्पण गर्ने सुअवसर पुन जुऱ्यो । अत: नगदेश बौद्ध समूह, नगदेश बुद्ध विहार र बौद्ध ल्यायम्ह पुच: नगदेश प्रति उहाँको लगाव, झुकाव, आश्रवको प्रतिक कतिको रहेछ भन्ने सबुद प्रकट गरेका छौं ।

७) सेमिनार गोष्ठीमा सहभागिता : प्रस्तावित सिद्धार्थ बौद्ध विश्वविद्यालयको मासिक नियमित गोष्ठीमा सहभागी भइ कार्यपत्रहरु प्रस्तुत गर्नु हुन्थ्यो भने राजविराजमा सम्पन्न धर्मोदय सभाको एघारौ राष्ट्रिय सभामा पनि सहभागी भै ओजपूर्ण कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यस्तै गरी हालै पवित्र पावन लुम्बिनीमा थेरवाद बुद्धिष्ट एकेडेमी र सितगु बौद्ध विश्वविद्यालयको संयुक्त आयोजनामा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागी भइ अति नै महत्त्वपूर्ण, सामयिक र सान्दर्भिक कार्यपत्र - Preservation and Development of Buddhist heritages at Lumbini Area: Challenges and opportunities प्रस्तुत गर्नु भएको थियो । यसरी उहाँले विभिन्न स्वदेशी विदेशी मञ्चमा बुद्ध धर्म र अन्य विषयहरुमा कार्यपत्रहरु प्रस्तुती गरी आफ्नो बौद्धिक प्रतिभा प्रकट गरी सक्नु भएको थियो ।

८) परिनिवृत : श्रद्धेय डा.सानुभाइ डंगोलज्यूले ७२ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति मिति २०७१ मंसिर ९ गते, मंगलबार, तदनुसार ई.सं. २०१४ नोभेम्बर २५ का दिन देहावसान भइ परिनिवृत हुनु भयो । उहाँ काठमाण्डौका रैथाने नेवार, अझ विशेषतया ज्यापू जातिका विद्वत एवं महान व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ बालब्रम्हचारी व्यक्तित्व हुनु हुन्थ्यो । स्मरणीय छ उहाँ एक घोषित व्यक्तित्व हुनुहुन्थ्यो नेपाली बौद्ध आकाशमा 'श्रोतापन्न' व्यक्तित्वको रुपमा । उहाँको देहावसान पश्चात् पशुपति आर्यघाटमा परिवारजनको सहमतिमा तिलगंगा आँखा प्रतिष्ठानका सहयोगी चिकित्सक हस्ते दुवै आँखा दान गरीयो । अत: यस्तो दान उपपारमिता भावद्वारा उहाँ जस्तो व्यक्तित्वको सद्गति र निर्वाण कामना नगदेश बौद्ध समूह, नगदेश बुद्ध विहार, बौद्ध ल्यायम्ह पुच: नगदेश, धर्मोदय सभा र थेरवाद बौद्ध दायक केन्द्रीय परिषदले संयुक्त तवरले गर्दछ । उहाँको अपर्झट र असामयिक निधनबाट शोकसन्तप्त हुनु भएका शोकाकुल परिवारप्रति हार्दिक समवेदना समेत प्रकट गर्दछौ । निब्बानस्स पच्चयो होतु ! सब्बं अतिच्चं ! सब्बे संखारा अनिच्चाति !


प्रोपाइटर | मो. नं. ९८५१०६२२०२
रामप्रसाद दुवाल | ९८१३७८०२३५



**महेश्वरी ट्र्याक्टर वर्कशप**

च्याम्हासिंह, लिवाली, भक्तपुर

यहाँ विभिन्न किसिमका ट्र्याक्टर मर्मत गर्नुका साथै नयाँ ट्र्याक्टर र पार्टपुर्जाहरु पनि बिक्रि गरिन्छ साथै वाटर पम्प पनि मर्मत गरिन्छ ।

# बुद्धोपदेश तथा बौद्ध शिक्षामा मिगार माता चरित्र एक रोचक अनुभूति

◆ *तेजरत्न शाक्य*

त्यस समय विम्बिसार र प्रसेनजीत एक अर्काको बहिनी ज्वाइँ थिए । राजा प्रसेनजितले राजा विम्बिसारको पाँच पाँच महा भोगी धनाढय सेठहरु छन् मेरो राज्यमा एक जना पनि छैन । त्यसैले एक जना माग्नु पऱ्यो भनी माग्दा महा श्रेष्ठीहरुलाई दिइ पठाउँदा राज्यको विनाश हुन सक्ने अमात्यहरुले सल्लाह दिएअनुसार मेण्डक श्रेष्ठको छोरा धनञ्जय श्रेष्ठीलाई दिइ पठायो । धनञ्जय श्रेष्ठी आफ्नो पूर्ण व्यवस्था गरी जाँदा जादै साँझमा श्रावस्ति भंदा बाहिर वास गऱ्यो र त्यही आफ्नो शहर बनायो । साँझमा बास बसेकोले त्यस नगरलाई साकेत भनियो । यसैलाई आजकाल अयोध्या भन्ने इतिहासकारहरुको कथन छ ।

अगु-त्तर निकाय अपट्ठकथा (१,७,२) अनुसार श्रावस्तीमा मृगार श्रेष्ठीको छोरा पूर्ण वर्धन कुमारको विवाहको लागि मान्छे पठायो । लमीहरु केटी खोज्दै साकेत पुगे । त्यस समय विशाखा आफ्नी पाँचसय कुमारीहरुका साथ उत्सव मनाउन महानदी आइन् । त्यसै समय वर्षा भयो । सबै ओत लाग्न टहरामा पसे । विशाखा विस्तारै आइन् । विशाखाको सुन्दरता देखेर प्रशन्न भएर परीक्षाको लागि लमीहरुले भने - अइ युवतीहरु दौडिएर आए, तिमी भने वुढी जस्ती विस्तारै आयौ ।

मेरो घरमा लुगाको कमी छैन । तरुणीहरु बिक्री गर्ने सामान जस्तै हुने । अपांग भएमा लोकले घृणा गर्छ र विवाह गर्न गाऱ्हो हुन्छ । त्यसैले विस्तारै आएकी हुँ ।

लमीहरुले विशाखालाई मन पराएर सारा कुरा गरेर विवाहको प्रस्ताव राख्यो । धनमा कम भए पनि जातिमा बराबर भएकोले विशाखाले स्वीकार गरिन् । यो शुभ समाचार श्रावस्ती पठायो । विवाहको दिन पक्का गरेर श्रावस्तीबाट राजा प्रसेनजित सहित मिगारसेठको जन्ती लग्यो । सारालाई सुव्यवस्थित ढंगले धनञ्जय सेठले व्यवस्था मिलाई दियो । त्यसै समय वर्षा सुरु भयो । तीन महिना वित्दा पनि दुलहीको लागि महालता आभूषण तयार भएन । काठ दाउराको कमी हुँदा हस्तिशाला, तवेला गौशाला विगारेर काठको काम लियो । कपडालाई तेलमा डवाएर आगो बनायो । चार महिना सम्म साकेतमा उत्सव जस्तै रमाइलो भयो ।

त्यति बेला सम्म चार महिना पुरा भयो । महालता प्रसाधन पनि तयार भयो । विवाह सम्पन्न भयो । विदा गर्ने दिन धनञ्जय सेठले छोरीलाई यसरी उपदेश दियो :

१) भित्रको आगो वाहिर नलानु ।
२) वाहिरको आगो भित्र नलानु ।
३) दिनेलाई दिनु
४) नदिनेलाई नदिनु
५) दिनेलाई नदिनेलाई पनि दिनु
६) सुखपूर्वक बस्नु
७) सुखपूर्वक खानु
८) सुखपूर्वक सुत्नु
९) अग्नी परिचर्या गर्नु
१०) भित्रको देवतालाई नमस्कार गर्नु

छोरी विदा गर्नुको साथै आठ कुटुम्बीहरुलाई वोलाएर भन्यो- यदि ससुरालीमा मेरी छोरीको कुनै अपराध भएमा तिमीहरुले परिसोध गर्नु भनी सम्पत्ति दिएर पठायो । ९ करोड मूल्यवान महालता प्रसाधन पहिरिएर ५४०० गाडी

धन, ५०० दासदासिहरु, ५०० रथ र अन्य सत्कार सामान सहित मिगार सेठ र प्रसेनजित राजालाई विदा गऱ्यो।

श्रावस्तीमा पुग्दा रथमा घुम्तो नओढी अनुहार देखाइ, विशाखाले महालताको प्रदर्शन गर्दै सबैले विशाखाको रुप र सम्पत्तिको प्रशंसा गराउँदै ससुरालीमा प्रवेश गरीन्। त्यस रात दाइजो दिएको एक आजानीय घोडीको प्रसव भयो। दासिहरुले सूचना दिएपछि विशाखा गएर तातो पानीले नुहाइदिएर तेल मालिस गराइन्।

मिगार सेठले एक हप्तासम्म विवाह उत्सव मनायो। सातौं दिन अचेलक (नांगा) साधुहरुलाई कोठाभरी राखेर 'अर्हत'को दर्शन गर्न आऊ भनेर मिगार सेठले विशाखालाई बोलायो। स्त्रोतापन्न भएकी विशाखाले 'अर्हत' शब्द सुनेर प्रसन्न भएर जांदा, नांगा साधुहरु देखेर 'यस्तो पनि अर्हत हुन्छ, लज्जा भय नभएकाहरु धिक्कार छ। भन्दै विशाखा फर्किन। यो देखेर अचेलकहरुले मिगारलाई धिक्कार गऱ्यो- गृहपति ! के तिमीलाई श्रमण गौतमको श्राविका बाहेक अरु कन्या पाएनौ ? यस्तो महाकालकर्णी (कुलक्षण) लाई घरमा प्रविष्ट गरायौं। तुरन्तै घरबाट निकाल।

धनी सेठको छोरीलाई तुरुन्त केही भन्न नमिलेर सेठले आचार्या यी बच्ची नै छिन् क्षमा गर्नुहोस् भनी अचेलकहरुलाई विदा दियो। त्यसपछि सुनको थालमा खीर खान बस्यो। त्यसै समय भिक्षाटनमा एक जना भिक्षु आएको देखेर, ससुराले देखोस् भनी मिगारलाई पंखा हम्किरहेकी विशाखा एक छेउ लागिन्। तर मिगारले भिक्षुलाई देखेपनि वास्ता गरेन।

तर विशाखाले जानुहोस् भन्ते। मेरो ससुराले बासी खाइरहनु भएको छ। भनिन्।

आफ्नो गुरुहरुलाई अपमान गर्दा नै रिसाएको मिगार अब आफ्नो वेइज्जत गरेको सुन्दा कोधको सीमा रहेन। विशाखालाई घरबाट निस्केर जान भन्यो। विशाखाले पनि म पानी पंधेराबाट ल्याएकी दासी होइन' भन्दै दोषा दोष पता लगाउन बाबाले पठाएका आठ कुटुम्बीलाई बोलाउन पठाइन्। कुटुम्बहरु आएपछि मिगार सेठले सारा कुरा बतायो।

कुटुम्बीको प्रश्नको जवाफ दिंदै भिक्षुको घटना सुनाएर भनिन् यस जन्ममा पुण्य गरेको छैन्। पूर्व जन्मको पुण्यफल खाइ रहेछ भन्ने अर्थले भनेकी हुँ।

कुटुम्बहरुले 'यो त दोष होइन, राम्रैभने कि हुन् भन्यो। तब अर्को दोष लगाउँदै ' पहिलो रात नै घर बाहिर गइन् भन्यो।

त्यसको स्पष्टिकरणमा घोडिले बच्चा जन्माएको र उसको सेवा गरेको सुनाइन। दासिहरुले गर्ने काम हाम्री छोरीले गरी भन्दै झनै प्रशंसा गरे कुटुम्बीहरुले। तब अन्तमा घनञ्जय सेठले सुनाएको कुरा कोटयाए र भन्यो - यस्तो पनि हुन्छ ? छिमेकी बीच आगोको लेनदेन त भइहाल्छ।

वास्तवमा 'बाबाले भगवान बुद्धको शिक्षा नै बताउनु भएको हो' भन्दै त्यसको अर्थ बताइन। जस्तै:

१) पहिलोको अर्थ घरको झै-झगडा अन्यलाई नसुनाउनु वा दासहरुले गरेको दोषलाई मालिकहरुलाई नसुनाउनु।

२) दोस्रोको अर्थ वाहिरको झगडाको विषय घरमा नसुनाउनु।

३) तेस्रोको अर्थ ऋण दिएर फर्काउनेलाई फेरि दिनु।

४) चौथौं अर्थ ऋण नफर्काउनेलाई नदिनु।

५) पाँचौको अर्थ गरीब परिवार मित्र श्रमणहरुलाई दिए पनि नदिए पनि दिनु।

६) छैठौको अर्थ सासु ससुरा आदिको विचार सम्मान गरी बस्नु।

७) सातौको अर्थ सासु, ससुरा आदिको सम्मान गरी खानु।

८) आठौंको अर्थ सासु ससुरा आदिको सम्मान गरी सुन्नु।

९) नवौंको अर्थ सासु ससुरा नातेदारहरुलाई नागराज जस्तै सम्झिनु।

१०) दशौको अर्थ लोग्नेलाई देवता समान व्यवहार गर्नु।

यति सुनेर मिगार सेठ चुप लाग्यो।

अरु कुनै दोष छ हाम्रो छोरीको ? भने।

मिगार सेठले केही भन्न नसक्दा विशाखाले म बस्दिन यस्तो ठाउँमा भनेर दासदासीलाई जानको तयारी गर्न भनिन् । मिगारले क्षमामाग्यो । तंब विशाखाले भगवान प्रमुख भिक्षुसंघलाई भोजन दान गराउने भएमा बस्छु भन्ने शर्त राखिन् । तिमिलाई जस्तो मनपर्छ, त्यस्तै गर भनी अनुमती दिए पछि विशाखा शान्त भइन् । प्रसन्न भएर भगवान बुद्ध प्रमुख भिक्षु संघहरुलाई भोजनमा निमन्त्रणा गरिन् ।

मिगारको घरमा श्रमण गौतमलाई भोजनको निमन्त्रणा दिएको छ, भनी सुनेर अचेलकहरु मिगारालाई घेरेर बसे । भोजनको समयमा जानसकेन । धर्मोपदेशको समय भयो । खबर पठायो अब त जानुपर्छ भन्दा अचेलकहरुले पर्दा लाएर सुन्नु भने पछि पर्दा लगाए र धर्मदेशना सुन्यो ।

भगवान बुद्धले पनि मिगार सेठको मिठया दृष्टिनाश हुने गरी देशाना गर्नु भयो । धर्मदिशना पश्चात सेठ स्रोतापन्न भयो र गल्तीको लागि माफि माग्दै भगवानको अगाडि नै आज देखि तिमी मेरी आमा भयौ भनी विशाखालाई आमाको स्थानमा राखेर सम्मान गर्‍यो । त्यस दिन देखि विशाखालाई मिगार माता भनिन थालियो ।

*२०७२ पुस २० गते*

*सम्यक सम्बुद्ध पेज १४७ अनुसार*

गरिबी अवस्थामा मुट्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत त्रृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन्। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।

*साभार भर्तृहरि-नीतिका अर्थ शतकबाट*

## गतिविधि

भाजु रत्नसुन्दर शाक्यजुं संकलनयाना बिज्यागु मैत्रय युवा संघं प्रकाशन यागु, वसपोल पिन्त लुंमंकिबलय लुमन्ति' नांया सफू बौद्ध सम्पदा संघया सस्थापक नायो भाजु संघरत्न शाक्यजुं ख्वपया थथुवहिली छगू समोरोहया दथुइ विमोचनयाना बिज्यात ।

पञ्चशील प्रार्थनां न्ह्याःगु थुगु ज्याः झ्वलय् धर्मोदय सभा ख्वप कचाःया नायो भाजु पद्म सुन्दर शाक्य, बौद्ध विदुषि मयजु अमिता धाख्वा, भाजु संघरत्न शाक्य, भाजु रत्नसुन्दर शाक्यजु पिसं थी थी बौद्ध व्यक्तित्व पिनिगु सफू प्रकाशन याना बुद्ध शिक्षा च्वन्ह्याकेगु ज्याय् मैत्रेय युवा संघं ग्वाहालि याना बया च्वंगु तसकं च्वछाये बहःगु ज्याः खः धया विज्यात ।

च्वमि भाजु रत्नसुन्दर शाक्यजुं स्वदेशी व विदेशी भिक्षु गुरुमां व बौद्ध विद्वान पिनिगु जिवनी च्वया बुद्ध धर्म च्वन्ह्याकेगु लागिं योगदान याना विज्यागुलिं थी थी बौद्ध संघ पाखे वसपोलयात कदर-पत्र लःल्हाना सम्मान यात ।

मैत्रय युवा संघया नायो मयजु सत्यलक्ष्मी रन्जितया सभापतित्वय् जूगु विमोचन समारोहलय् संघया सल्लाहकार भाजु लक्ष्मीचन्द्र बज्राचार्य जूं सम्मान देछागु थुगु ज्याझ्वः भाजु सन्चित बज्राचार्यजुं न्ह्याका विज्यागु खः ।

*मैत्रेय युवा संघयात आर्थिक ग्वाहालि याना विज्यापिं संघ*

रत्न शाक्य रत्नायन परिवार, - ७०००।-

अमिता धाख्वा - ३०००।- माइला दाइ ८००।-, गौरी श्रेष्ठ १००।-, ल्यायम्ह बज्र ५००।-, तिर्थसुन्दर १००।, श्री प्रकास बज्राचार्य १००।-, नेवा गुथि ख्वप कवा १००।-, पुण्य रत्न शाक्य १००।-, सुगत बज्राचार्य ४०।-

सफू प्रकाशनया लागि पाटन ढोका सन्ति सुखावास च्वना विज्याम्ह उप्पलवण्वा गुरुमा पाखें भुकम्प पिडित ११ म्ह व्यक्ति पिन्त जस्ता पाता , ११ बण्डल प्राप्त जूगु व छुं भचा आर्थिक सहयोग बिया विज्यागुलि संघ सल्लाहकार लक्ष्मी बज्राचार्य पाखे नं विशेष ग्वाहालि याना विज्यागुलिं व थुगु सफू प्रकाशनया लागि मैत्रय युवा संघ पाखे छुं भचा आर्थिक ग्वाहालि याना सफू प्रकाशन यायेगु धर्म चित उत्पन जूगु खः ।

पुस्तक परिचय

# 'धर्म र आचरण' पुस्तक पढ्दा

✍ विष्णुगोपाल कुसी

बहुजन हितको शिक्षा गाउँ-गाउँमा पुऱ्याएर जनताको जीवन सुधार्ने र शान्ति वातावरण कायम गर्ने ध्येयका साथ पुस्तक प्रकाशनमा निरन्तर लागेका भिक्षु अश्वघोषको 'धर्म र आचरण' (२०७१) अर्को उपयोगी पुस्तक हो। धर्म देशना गर्नु, पञ्चशील प्रार्थना र बुद्ध पूजा गराउनु कुनै पनि भिक्षुको दिनदिनैको कार्यक्रम ठान्ने भिक्षु अश्वघोष पुस्तक प्रकाशन गरेर जनचेतना जगाउनु नै आफ्नो धर्म प्रचारको विशेषता सम्झन्छन्। धर्मको किताब छापेर निःशुल्क वितरण गर्न पाउँदा आनन्दको अनुभूति लिने, रगत सफा हुने र निरोगी हुने उनी विश्वास गर्छन्।




जीवन आनन्दमय बनाउन पहिले आफ्नो आचरण शुद्ध हुनुपर्छ भन्ने अश्वघोषको मान्यता हो। शुद्ध चिन्तन र चेतनाले प्रचार गरेको वा सिकाएको धर्म निर्मल हुन्छ, शुद्ध आचरण दैनिक जीवन र व्यवहारमा उतार्न सकिने खालको प्रयोगात्मक हुनुपर्छ भन्ने शिक्षा, 'धर्म र आचरण'मा उल्लेख गरिएको छ।

हो, धर्मको नाउँमा हुने आर्थिक शोषणबारे हामी सचेत हुनुपर्छ। धर्मको गुणगान गरेर आर्थिक शोषण गर्नेहरु पनि समाजमा देखिएका छन्। धर्मप्रति आस्था जगाउनुको अर्थ धर्म बदल्न कसैलाई दबाब दिनु होइन।

मानिस योग्य, इमानदार, चरित्रवान, निःस्वार्थी र असल नबनिकन देश बन्दैन। राग, द्वेष, अहङ्कार, लोभ भएसम्म देश बन्दैन। सरकारमा गएका नेता र सांसदहरु इमानदार, कर्तव्यपरायण, पदको आचरण पालना नगरेकैले देशमा बेलाबखत सङ्कट निम्तिएको हो, हाहाकार भएको हो। दोष आफ्नो र अरुको जसको भए पनि देखाउनुपर्छ। आफू जति निर्दोषी, सज्जन भए पनि समाजका अरु सदस्यहरु दोषी, दुर्भावका भए भने पनि समाजले सत्मार्ग पाउँदैन। दोष पहिले आफू र पछि अरुको नभनी जहिले जुनसुकै बेला खोतल्नुपर्छ, आफ्नो दोष केलाउने, हटाउने र अनि अरुको नकेलाउने

भन्ने हुँदैन । सज्जन थोरै र दुर्जन धेरै भयो भने समाजको संरचना राम्रो हुँदैन । आदर्शोमुख समाज बनाउन आफूमात्र सज्जन भएर पुग्दैन, अरुलाई पनि बनाउनुपर्छ । अर्काको दोष र त्रुटि नहेरी आफ्नो मात्र हेरियो भने कसरी बहुजनको हित हुन्छ ? कसरी सज्जन, असल र इमानदारहरुको समाज बन्छ ?

अरुको पनि गल्ती देखाउनुपर्छ, सुधार्नु पर्छ । गल्ती सच्याउन सल्लाह र सुझाव दिनु या शिक्षा दिनु नै एक प्रकारको दोष औंल्याइएको हो । दोष औंल्याउनुको अर्थ विरोध गर्नु होइन, आलोचना गर्नु हो, सुधार्न आलोचना गर्नुपर्छ । कसैको चरित्र र आचरण राम्रो हुनुपर्छ यसका शङ्का छैन । मूर्खहरुसँग सङ्गत नगर्नु ठिक्कै हो । तर मूर्खहरुलाई सज्जन बनाउने कसरी ? के मूर्खहरु कहिल्यै सज्जन हुँदैनन् ? हो, आफै सुध्रिनु अत्युत्तम छ । तर सुध्रिएन भने बारम्बार उसको गल्ती औंल्याउँदै सुधारको उपाय बताउनुपर्छ । अरुले भनेको मानेर पनि धेरै मान्छेले गलत बाटो त्यागेका छन् । मद्यपान, धूम्रपान छोडेका छन्, चोरी चकारी छोडेका छन् । अत: धर्म उपदेशको अर्थ लाग्छ र त्यो चाहिन्छ ।

अन्न बाली लगाएको सबै सप्रँदैनन् । कति बाली झर्छ । पशु पक्षी, कीरा फट्याङ्ग्राले बिगार्छ, टिप्छ, कुहिन्छ, असिना-पानी, बाढी पहिरोले क्षति हुन्छ । किसानको चाहना परिश्रमअनुसारको फल पाउन नै हो तर पनि पाईंदैन । धर्म देशना गर्ने बित्तिकै सबैजना ठीक हुन्छन्, सुबुद्धिका असल नागरिक बन्छन् भन्ने होइन । दुई चार जना काम गर्दा गर्दै छोड्यो, भाग्यो, बिग्रियो भनेर धर्म देशना छोड्ने, आफ्नो काम असफल भयो भनेर निरास हुने होइन । देशमा देखिएका सबै नेताहरु कहाँ ठीक छन् र । विद्वान हुँदैमा सर्वगुण सम्पन्न हुँदैन । समयमा विचार नपुयाउँदा, आफू र समाजलाई चिन्न नसक्दा विद्वानहरु पनि मतिभ्रष्ट भएका छन्, मनस्थिति बिग्रिएका छन् । कुनै संस्था र निकायमा ज्ञान सिक्न आएका भिक्षु, भन्ते उपासक, उपासिका, चेलाहरुले भनेको मानेन या काम बिगार्न थाले भने सचेत हुनुपर्छ तर आफ्नो योजना या उद्देश्य छोड्नु हुँदैन । त्यसैमा तँ तँ म म हुन्छ, विवाद हुन्छ, विवाद चरमोत्कर्षमा पुगेर संस्थै विभाजन हुनसक्छ । चित्त नबुझेको कुरा जहाँ पनि राख्न पाउँछ, पाउनुपर्छ तर आफूले भनेकै ठीक या सही मान्नुपर्छ भनेर कर गर्नु गलत हो ।

बुद्धले धन कमाउनु हुँदैन भनेका छैनन् । श्रम गरेर धन कमाउन सकिन्छ, आफ्नो बुद्धि र विवेक उपयोग गरेर धन कमाउन सकिन्छ । तर धन पदको दुरुपयोग गरेर होइन आफ्नो श्रम, समय र बुद्धि, विवेक कुनै नलगाई असम्भव र अविश्वासिलो ढङ्गले कमाउँछ भने त्यसको खबरदारी गर्नुपर्छ, त्यत्रो ठूलो धनदौलत कसरी कमाइयो भनी खोजीनीति गर्नुपर्छ ।

धनलाई सदुपयोग गर्नुपर्छ भन्ने बुद्धको अर्को शिक्षा हो । यो सही विचार हो । धनको केही अंश दीन दु:खी, गरिब असहाय, समुदायको हितमा त्याग गर्नु नराम्रो होइन । त्यसो गर्दा उसको कदर हुन्छ, सामाजिक प्रतिष्ठा पाउँछ र आफू बितिसकेपछि पनि समाजमा जीवित भइरहन्छ या स्मरणीय भइरहन्छ । दान गर्दा दान प्राप्त गर्नेको राहत मिल्छ, त्यो पूजा दान होस् या अनुकम्पा दान । धार्मिक व्यक्तिहरुलाई श्रद्धा या आस्थापूर्वक गर्ने पूजा दान र गरिब दीनहीन, असहाय तथा अन्य सामुदायिक क्षेत्रमा गरेको अनुकम्पा दानले दातामा पुण्य मिल्छ, त्यो समाजको पुण्य पात्र बन्छ ।

कसैले जानी नजानी गल्ती गरिरहेको छ भने उसलाई सही ठाउँमा ल्याउने पहिलो धर्म सम्झाइबुझाइ नै हो । सम्झाइबुझाइले हृदय परिवर्तन भयो भने ठिक्कै हो र त्यो स्वागतयोग्य हुन्छ । जति मार्गनिर्देश गरे पनि सुध्रिँदैन भने के प्रवचकहरु तमासे भएर बस्ने ? सम्झाइबुझाइने मात्र सम्भव नभएर या गल्ती गर्नेमाथि कारबाही गर्न नै ऐन कानुनको बन्दोबस्त भएको हो । अपराधीहरु कारबाहीमा पर्नुपर्छ । कारबाही गर्ने काम पनि एक प्रकारको खबरदारी हो, सही बाटोमा ल्याउने काम हो । गल्ती कसैबाट हुनसक्छ, गल्ती सच्याइनुपर्छ । तर गल्ती सच्याइने माध्यम सम्झाइबुझाइमात्र होइन, अनेक हुन्छ ।

नेपाल भारतनिर्भर भएकै हुनाले पेट्रोल र ग्यास अभाव भयो र जनजीवन कष्टकर बन्यो । नेपालले भारतबाहेक अरु देशको पनि विकल्प खोजेको भए यस्तो समस्या आउँदैनथ्यो ।

राम्रो कार्य समयमै गर्नु बुद्धिमानी हुन्छ । राम्रो काम छिट्टै गर्नुपर्छ । समयमै काम नहुँदा अनेकानेक समस्या आउन सक्छ, चित्ताएको काम अधुरो, अपुरोमात्र होइन रात पल्टेपछि अग्राख पलाउँछ भनेझैं काम असफल हुनसक्छ । पछि गरौंला भनी बसेमा मन परिवर्तन हुनसक्छ, अरुले भड्काउन सक्छ, परिस्थिति बदलेर मनमा राखेको काम गर्न असमर्थ हुनसक्छ । अतः कुशल कार्य गर्न पछि हट्नु हुँदैन ।

समाज आदर्शोमुख घेरामा मात्र सीमित छैन । यस समाजमा नैतिकवान, चरित्रवान, इमानदारहरुमात्रै छैनन् । समाजमा शोषण, दमन, थिचोमिचो गरेर अघि बढ्ने पक्ष पनि छ । शोषण, दमन र थिचोमिचो गरेपछि सहेर बस्न सकिंदैन । विरोध हुन्छ । विरोध गरेर, ध्यानाकर्षण गरेर समाधान हुँदैन भने जुलुस हुन्छ, घेराउ हाल्छ । त्यहाँ प्रहरी दमन हुनसक्छ । यसले एकपछि अर्को असन्तोष बढ्छ । परिस्थितिले शत्रु बढाउँछ । अनि कहिले शत्रु हुन्छ त कहिले मित्र हुन्छ । तर हृदय परिवर्तन गरेर असल मानिस बनाउने प्रयास हामीले छोड्नु हुँदैन, यो सत्य हो । असल मानिस बनाउने ध्येयले धर्म प्रचार गर्नु मनासिब हो । त्यसो भएन भने धर्मको नाममा द्वन्द्व बढ्छ र धर्मयुद्ध हुन बेर लाग्दैन । यसबारे चनाखो हुनुपर्छ ।

दुःखबाटै सुख प्राप्त हुन्छ । परिश्रम गरेपछि फल प्राप्त हुन्छ । बीउ नछरिकंन फल पाउँदैन । तर समाजमा जो कठिन परिश्रम गर्छन्, उनीहरुकै अधिकांश दुःख हुन्छ । परिश्रम नगर्नेहरु नै धनाढ्य भएका छन् । यो त्यो देशको ऐनको बन्दोबस्तले हुन्छ । दुःख गर्नेले फल पाउनुपर्छ तर त्यो, पाएको छैन । आफूसँग नभएको कुरा प्राप्त गर्न रगत र पसिना बगाउनुपर्छ, आधारभूत आवश्यकता गाँस, वास र कपास पाउन प्रयत्न गर्नैपर्छ । राम्रो काम गरेमा या सेवा गरेमा उसको मृत्युपछि पनि सम्झिइनेछ, त्यो क्षण, पल अविस्मरणीय हुनेछ ।

हाम्रो दृष्टिकोण निर्मल, निष्कलङ्क हुनुपर्छ । चित्त पवित्र हुनुपर्छ । नियत राम्रो हुनुपर्छ । काम निःस्वार्थ भावले गर्नुपर्छ । काम सेवा भावले गर्नुपर्छ । लोभलालच गर्नुहुँदैन । ठीक समयमा ठीक ठाउँमा होस पुऱ्याउनुपर्छ, सधैं सतर्क हुनुपर्छ । कुनै सहयोग नाउँ कमाउनुभन्दा सेवाभावले गर्नुपर्छ । निर्वाण प्राप्त गर्न नै दुःखीको सेवा गर्नुपर्ने हो । पापकर्म र पुण्यकर्मको भेदबारे बताउनु पर्छ ।

अतीतको अनुभव सँगाल्नुपर्छ, वर्तमान परिस्थिति बुझ्नुपर्छ र भविष्यको चिन्तनमनन गर्नुपर्छ । विगतका कमी कमजोरी औंल्याउने र राम्रो पक्षको कदर गर्न जान्नुपर्छ । परी परी आउँछ तरी तरी जान्छ भनेर विगत र भविष्यको नसोच्ने होइन । अहिलेको मात्र हेरेर पछिको नसोच्ने होइन । अहिलेको मात्र हेरेर पछिको नसोच्दा दूरगामी असर पर्न सक्छ । पछिको विचार नगर्दा अहिले सुख भए पनि भोलि दुःख हुनसक्छ । कुनै पनि नीति नियम पछिकै सोचेर गर्नु जाती हुन्छ । नेता, विद्वान र भिक्षुहरु दूरदर्शी हुनैपर्छ ।


Binod Shakya 9841285403
Bibek Shakya 9841334598





SHAKYA JEWELLERS
Itachhen, Bhaktapur-15

We serve all kinds of Gold & Silver Oranaments as per the order.

Also available:Readymade Ornaments

# वर्तमान अवस्थामा परियत्ति शिक्षाको महत्त्व

✍ सिचु शाक्य

पृथ्वीमा आश्रीत प्राणीहरु मध्ये मानिसलाई सर्वश्रेष्ठ प्राणी मानिन्छ किनभने मानिसहरुमा ज्ञान, बुद्धि विवेक अभिबृद्धि गर्ने चेतना छ । सिक्ने प्रक्रिया जति सबै शिक्षा नै हो र जति पनि मानसिक तथा भौतिक विकास भएका छन् त्यो शिक्षाको कारणले नै हो ।

भगवान गौतम बुद्धले शिक्षा २ प्रकारको हुन्छ भनी बताउनु भएको छ, जुन यसप्रकार छन्:

**१. लौकिक शिक्षा**:

जुन शिक्षाले मानिसको जीवनलाई शारिरीकरुपमा सुख र भौतिक रुपले सम्पन्न भएर जीवनयापन गर्नको लागि प्रेरित गर्दछ ।

**२. लोकोत्तर शिक्षा**:

जुन शिक्षाले मानिसलाई मानसिक सुख तथा जीवनको यथार्थलाई सिकाइ संसारिक दु:खबाट मुक्त हुने शिक्षा दिन्छ । भगवान बुद्धले बताउनु भएअनुसार यो शिक्षा पनि ३ प्रकारको रहेको छ ।

**१. परियत्ति शिक्षा**: भगवान बुद्धले बताउनु भएको वहाँको उपदेश अथवा त्रिपिटक अध्ययन गर्नु परियत्ति शिक्षा हो ।

**२. प्रतिपत्ति शिक्षा**: अध्ययन गरेको कुरालाई र सुनेको कुरालाई व्यवहारमा लागु गर्नु प्रतिपत्ति शिक्षा हो । जस्तो कि शील ग्रहण गरि पालना गर्नु ।

**३. प्रतिबेध शिक्षा**: अध्ययन गरेको सुनेको कुरालाई व्यवहारमा लागु गरेपछि आफूले प्राप्त गरेको अनुभव आफैले आफ्नै स्वअनुभुतिबाट ज्ञान प्राप्त गर्नु प्रतिबेध शिक्षा हो ।

यसरी भगवान बुद्धले लौकिक र लोकुत्तर शिक्षाबारे बताउनुभएको छ ।

सर्वप्रथम त परियत्ति शिक्षा भन्ने वित्तिकै भगवान बुद्धले बताउनु भएको वहाँको अर्ति र उपदेशहरुको संग्रह भनि बुझ्नु पर्दछ । वहाँले बुद्धत्व प्राप्ति पछि ४५ वर्ष सम्म बहुजन हित र सुखको लागि गाउँ,गाउँ र नगर नगर चारिका गर्नुभइ मानव उपयोगी धर्म प्रचार गर्नु भयो । सम्पूर्ण मानव जातिको उद्धार गर्नका लागि वहाँले दिनुभएको उपदेशहरु मध्ये शील, समाधि र प्रज्ञामा आधारित एउटा गाथा प्रस्तुत गर्न चाहन्छु

*सब्ब पापस्प अकरण, कुसलस्स उपसम्पदा*
*सचित्त परियोदपन, एतं बुद्धानुसासन ॥*

अर्थात, कुनैपनि प्रकारले पाप कर्म नगर्नु कुसल कार्यहरु सम्पादन गर्दै जानु र आफ्नो चित्तलाई परिशुद्ध पार्नु यहि बुद्धहरुले दिने शिक्षा हुन् ।

पक्कै पनि यो धम्मपद अन्तर्गत बुद्धदेसित गाथाबाट बुझ्न सकिन्छ कि कुनै पनि प्रकारको पापकर्म गर्नु हुँदैन अर्थात शरीर वचन र मनलाई शुद्ध राखी सही काम, कुराहरु मात्र गर्नुपर्छ । मनमा लोभ, क्रोध अहंकार रिस, डाह जस्ता फोहोर कुराहरुलाई पालेर नराखी जरै देखि निकालेर फाल्नु पर्छ । यही शिक्षा नै बुद्धहरुले दिने शिक्षा हो । यसैलाई परियत्ति शिक्षा भनिन्छ । त्यस्तै मानवधर्म विषयमा सिगालोवाद सुत्र, व्यग्घपज्ज सुत्र जस्ता समाज सुधारका लागि आफुले समाजमा गर्नुपर्ने कर्तव्य, देश राष्ट्र उन्नतिको लागि भगवान बुद्धले दिनुभएको अगग्ञ्ञ सुत्र, सिहनाद सुत्र आदि सुत्र उपदेश वर्तमान मात्र होइन

त्रैकालको लागि नै लागु हुने गरि देशका जनताको सुख शान्ति र विकासको लागि परियत्ति शिक्षा उपयोगी छ ।

लौकिक शिक्षा अर्थात स्कुल कलेजमा पढेका शिक्षाले समाजमा कसरी अघि बढ्ने कसरी पैसा कमाउने, नाम कमाउने, भौतिक साधनहरु जोड्ने भन्ने सम्बन्धमा शिक्षा दिन्छ । परियत्ति शिक्षाले आफ्नो शरीर, बचन र मनलाई नियन्त्रण कसरी गर्ने अनि मानसिक शान्ति कसरी लिने भन्ने बारे शिक्षा दिन्छ । त्यसैले बच्चादेखि परियत्ति शिक्षाको जग भएको भए, ज्ञान भएको भए उसले आफ्नो जीवनको अनित्यता, दु:ख र अनात्मको बारेमा बुझिन्थ्यो, त्यस्तै आफ्नो शरीर र मन नै आफुले भनेको जस्तो छैन भने धेरै धन, प्रसिद्ध गाडी, व्यापार व्यवसाय मात्र भएर के गर्ने मरेपछि लैजाने होइन भनि भौतिक चिजवस्तुमा आसन्न नभइ सबैलाई भलो जुने काममा अघि बढ्न प्रेरित गर्छ ।

त्यसैले वर्तमानमा भगवान बुद्ध द्वारा देसित परियत्ति शिक्षाको धेरै नै महत्व छ । यो शिक्षाले समाजका व्यक्तिलाई सही तरीकाले जीवन जीउन र अघि बढ्नको लागि प्रेरित गर्दछ । अहिलेको विकसित समाजमा हत्या, हिंसा, लुटपाट, चोरी, भ्रष्टाचार बढिरहेको छ । बलात्कार, चेलीबेटी बेचबिखनको जुन कुराहरु छन् समाजमा यी सबै परियत्ति शिक्षाको अभावको कारणले हो । जस्तो कि अहंकार र द्वेषको कारण आतंकवादी ओसामा बिन लादेनले विश्व व्यापार संगठन World trade organization तथा pentagon को विनाश गरे । जहाँ धेरै मानिसको ज्यान गयो र अन्तमा आफु पनि विनाश भए । त्यस्तै दोस्रो विश्वयुद्धको समयमा जापानको हिरोसिमा र नागासाकीमा परमाणु बम खसाल्दा कैयौंको ज्यान गए, कति विकास भएको क्षेत्रहरु सबै विनाश भएका थिए । यी सबै घटनाहरु हुनुको कारण सही शिक्षा, सही ज्ञानको अभावले हो । यदि यी देशहरुमा परियत्ति शिक्षा, आफ्नो शरीरको यथार्थ स्वभावलाई बुझ्ने शिक्षा थाहा भएको भए यो घटना घट्दैन थियो होला । त्यस्तै विस्तारवाद सोचको कारण बलिया राष्ट्रहरुले निर्वल राष्ट्रहरु कब्जा गरि त्यहाका जनताहरुलाई दास बनाउने मनोबृत्ति आफु समान अरुलाई नसोचेर हो । आफु मात्र माथि जाने तर अरुलाई हेप्ने दु:ख दिने मनसायले काम गर्दा आफ्नो नै बिनाश भैरहेको हुन्छ । जब आफुलाई सुख मन पर्दछ त अरुलाई पनि त्यस्तै आनन्दित जीवन जीउन मन लाग्छ भन्ने कुराहरु बिचार गर्नलाई परियत्ति शिक्षाले Socialize र mobilize गर्दछ ।

विभिन्न दु:ख आपतविपत पर्दा नि सामना गर्न सक्ने प्रेरणा परियत्ति शिक्षाले दिन्छ । जस्तो कि नेपालमा २०७२, १, १२, १३ र २९ गते गएको महाविनाशकारी भूकम्पले कैयौंको ज्यान लियो, घरबार बिहीन बनाइदियो । परिवार आफन्तजनसंग बिछोडिए र सबै गुमाउनु पर्यो । धेरै मानिस विचलित भए । यस्तो प्रतिकुल अवस्थामा पनि परियत्ति शिक्षाको ज्ञान भएको भए अनित्य स्वभाव धर्मलाई बुझि त्रासमय जीवन जीउनुको सत्ता यथार्थको सामना गर्न सिकाउछ । त्यस्तै कतिपय राहत वितरणको ठाउँमा परियत्ति शिक्षाको अभावमा म र मलाई भन्ने लोभ चित्तले झै झगडा र पिटापिट भएको थियो । त्यसको विपरित परियत्ति शिक्षा भएका बिहारहरुको अगुवाइमा त्यहाँका पीडितहरुलाई राहत वितरण गर्दा शान्त र सभ्य देखियो । तसर्थ संसारले सम्मान गरेको बुद्ध र बुद्धधर्मलाई बुद्ध जन्मस्थल नेपालमा परियत्ति शिक्षाको प्रचार प्रसार गर्नु र यसलाई नेपाल सरकारले पनि हातेमालो गरि सहयोग गर्नु अत्यन्त आवश्यक छ ।

*अन्तमा,*

*ढुंगा र माटोले बनेको पृथ्वीमा, भूकम्प बाढी पहिरो त गइरहन्छ ।*

*शरीर र मनको मानव जीवनमा, सुख र दु:ख त आइरहन्छ ॥*

*नमात्तिउ सुखमा, नआत्तिउँ दु:खमा ।*

*यो त कर्म संस्कार र फलाफलको चक्रहो ॥*

*तोडौं यो भवचक्रलाई, बुझौं बुद्धलाई ॥*

*भवतु सब्ब मंगलं ॥*

# तिमीलाई बाँकी राख्ने छैन

○ प्रकाश बज्राचार्य

***सेरिवाणिज जातक***

लामो सुस्केरा हाल्दै बज्यैले भनिन्-'भैगो, अब पुग्यो। भात पकाउन जाने बेला भयो।'

बज्यैको सेतो कपालमा जुम्रा खोजिराख्ने नातिनीले भनी-'बज्यै, मलाई पनि खेलौना किनी दिन्छु भन्नुभएको होइन ?'

'किनी दिन्छु। हत्तार के को ?'

'नाइँ। बज्यैले जहिले पनि त्यस्तै भन्नुहुन्छ। अस्ति पनि साथीहरुको जस्तो कानमा लाउने एउटा किनिदिनुस् भन्दाखेरि त्यस्तै भन्नुभयो।' बच्चीले मुख बिगारिन्।



प्रकाश बज्राचार्य

'बेच्न ल्याए पो किनिदिने।' बज्यैले कुरा पन्छाउन खोजी।

घरमा बज्यै र नातिनी मात्रै थिए। घर ठूलो थियो तर जीर्ण भैसकेको थियो। केही वर्ष अगाडि त्यस घरमा अरु पनि सदस्यहरु थिए। घर राम्रो थियो- उनीहरु सम्पन्न थिए। तर समयको निष्ठुरताले उनीहरु कंगाल भएका थिए।

त्यहि गल्लीबाट एउटा मान्छे ठूलो झोला बोकी 'हेरामोती लिनुहोस्! हेरामोती लिनुहोस्!!' भन्दै आयो।

बच्ची उफ्री- 'बज्यै! बज्यै!! हेर्नुस् त यहाँ को आएको रहेछ हिरामोती बेच्ने। मलाई कानमा लाउने एउटा बज्यै!'

'आज भैगो। चाहिदो नचाहिदो कुरा गरिराख्छे।'

'लिई दिनुस्न।'

बच्चीलाई तानेर बाखमा राख्दै बज्यैचाहिले भनी, 'हामीसँग पैसा छ लाटी, त्यस्तो महंगो चीज किन्न ? घरमा भाँडाकुँडा, गहना केही छैन साटेर लिउँ भने पनि। पैसा भएत तैले भनेको सबैथोक किनीदिन्थे।'

नाई, बज्यैले जहिले पनि यस्तै भन्नुहुन्छ।' बच्चीको चित्त दुखेको थियो। फेरि च्वाट्ट भनी, 'बज्यै! बज्यै!! ढोकापछाडि पुरानो थाल एउटा छ नि, त्यहीसँग साटेर लिए हुन्न र ?'

बच्चीले ज्यादैनै जिद्दी गरेकीले भित्र गएर थाल लिएर आइन्। हिरामोती बेच्न आउने ब्यापारीलाई बोलाई 'त्यस थालको जति पर्छ त्यही मुताविक बच्चीलाई हिरामोती दिनुस्' भनिन्। ब्यापारीले थाल लियो। पछाडिपट्टि नङ्ले कोट्याएर हेर्दा भित्र पहेलो भएको पायो। कसिमा घोटी जाँच्यो-सुनकै थियो। त्यस लोभी व्यापारीले 'बिचार गरे-'यो सुनको थाल एउटा सित्तै लिनपाए!?' उनले थाल फाल्दै भने-'यस्तो पुरानो थाल पनि कसैले लिन्छ? यसको त एक पैसा नि पर्दैन।' अनि आफ्नो बाटो लागे झै अगाडि बढे उनी।

बच्ची रोइन्। केही पनि दिएन भैहाल्यो, थालै फालेर किन जानु पर्ने!? बच्चीको मन राख्न नसक्ने बुढीको आँखामा पनि आँशु देखिन थाले।

केही छिनपछि एकजना ब्यापारी त्यसरी नै हिरामोती बेच्न आयो। बच्चीले फेरि बज्यैलाई पिर्नथाली, बज्यै! बज्यै!! यो मान्छेलाई थाल दिएर कानमा लाउने लिई दिनुस्न।'

'अघिकोले भनेको सुनेनौ यो थालको एक पैसा पनि आउदैन रे ? यसले पनि के साटेर लेला र ?'

'अघि आउने मान्छे हेर्दा नै लुच्चा जस्तो छ, खराब जस्तो छ । बज्यै, यो मान्छे त असल देखिन्छ । यसले थालसँग साटी जे भएपनि देला जस्तो छ ।'

बच्चीको मन राख्न बज्यैले त्यस नयाँ व्यापारीलाई बोलाएर थाल देखाइन् । व्यापारीले राम्ररी कसिमा घोटेर हेऱ्यो । थाल सुनकै रहेछ ।

'बज्यै यो थाल म साटेर लिन सक्दिन । यसको लाख रुपैयाँ पर्छ । यो सुनको थाल हो !'

व्यापारीको कुरा सुनेर बज्यै र बच्ची दुबै छक्क परे । धेरै बेरसम्म पत्यारै लागेन उनीहरुलाई । बल्ल बज्यैचाहिंले भनिन्, 'बाबु । अघि आउने व्यापारीले यो थालको एक पैसा पनि पर्दैन भनेर फालेर गयो, तपाईको पुण्यले यो थाल सुनको भयो होला । यो थाल तपाईकै हो । तपाईनै राख्नुहोस् । तपाईलाई जति मन छ, त्यति दिनुहोस् !

'मेरो थैलीमा पाँच शय रुपियाँ छ । पाँच शयकै सामान छ । सबै तपाईले लिनुहोस् । मलाई यो तराजु र थैलो नदी तरेर जान आठ कार्षापण (त्यसबेलाको पैसा) दिनुहोस् ।'

बुढीले सुनको थाल त्यस असल व्यापारीलाई दिई पठायो । नातिनीलाई एकचोटि हेरिन् । बच्ची खुशी हुँदै हिरामोती हातमा लिएर हेरिन् । उनीहरुको दिन फेर्ने भइसकेको थियो ।

त्यसैबेला अघिको लोभी व्यापारी फेरि आइपुगे । उनले भने, 'ल भैगो बुढी । तिम्रो नातिनी रोएको मैले हेर्न सकिन । अघिको थाल ल्याऊ । केही पैसा दिएर जाउँला ।'

त्यस व्यापारीदेखि रिसाएकी बच्चीले हप्काइन्, 'लाज छैन ? तिमीले त थालको एक पैसा पनि पर्दैन भनी मिल्काएर गएको थियो । अर्को व्यापारीले हामीलाई हजार रुपियाँ दिएर लगिसक्यो ।'

थाल लग्यो, त्यो पनि हजार रुपियाँले !! लोभी व्यापारीको होश उड्यो । आफ्नो हातमा परिसकेको लाख रुपियाँ मोल पर्ने थाल उम्कियो । सही नसक्नु भयो ऊ रन्ठनियो । उसको धुर्त्याईँको यत्रो मोल ! त्यही सुनको थालको सम्झनाले ऊ पागल भयो ।

आफूले लगाइराखेको लुगा त्यहिं फुकालि हातमा आफ्नो तराजुको डण्डी समाती त्यस ब्यापारीलाई कुटेर भए पनि थाल खोस्छु भनेर डगुऱ्यो ।

थाल लिएर जाने ब्यापारी अन्धपुर नगर छाडी आफ्नो सेरिय देश फर्कन डुँगामा बसी नीलवाहिनी नदी तरिरहेको देख्यो त्यस लोभी ब्यापारीले । चारैतिर हेऱ्यो - अर्को डुंगा त्यहाँ थिएन । सही नसक्नु भयो उनलाई - दाँत मिचेर हातमा लिइराखको डण्डीले नदी तरिरहने ब्यापारीलाई हिकार्यो तर लागेन ।

सुनको थाल लिई डुंगामा गइराख्ने ब्यापारीलाई हेर्दै झनझन रिसायो - त्यो लोभी ब्यापारी । नदीको किनारमा औंला ठड्याएर पागल जस्तै कराए ऊ - 'तिमीलाई बाँकि राख्ने छुइन मैले ।' कराउँदा कराउँदै उनको मुखबाट रगत भर्लक्क निस्क्यो । त्यहि लड्यो । चारैतिर अध्यारो देख्यो । तैपनि उनको मनमा एउटै मात्र कुरा उठिराख्यो- तिमीलाई बाँकी राख्ने छुइन मैले......... तिमीलाई बाँकी राख्ने छुइन मैले तिमीलाई बाँकि राख्ने छुइन मैले........ ।

लोभी ब्यापारीले त्यहि नै आँखा चिम्ले ।

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक
पत्रिका 'अर्हत्' त्रैमासिक निरन्तर
प्रकाशनको शुभकामना !

प्रोपाइटर
लक्ष्मीप्रसाद दुमरु
लक्ष्मी निर्माण सेवा
भक्तपुर, इनाचो-६, फोन नं. ६६१४८३४
मो.नं.९८५१०४४५६१

# बुद्ध देवता व मनूतय् नं गूरु

◆ भिक्षु सुमेध महास्थविर

वैशाखपुन्हि दछिया छक्व: वइ। दछिया छक्व: वसपोलयात शान्तिया नायक तथागत धका: फयां फक्व क्फ:धायेक कार्यक्रम दयेका: व्वयेत स्वइ। गनं गनं साप्ताहिक ज्याइव: तया: वसपोलया उपदेश लुमंकेगु ज्या: नं याइ। थथे हे विविध ज्याइव: दयेका: थम्हं नं मानय् याइ अथे हे मेपिनित नं थुइकाबीगु ज्या याइ।

वैशाखपुन्हि कुन्हु स्वंगू तहलं भगवान् बुद्धयात लुमंकिइ, छगू बुद्ध जुइम्ह सिद्धार्थकुमार जन्म जूगु लुम्बिनीयात लुमंकिइ। अन वसपोलयात अग्रमहारानी महामायादेवीं सालवृक्षया कचा ब:कया: दना: वसपोलयात जन्म बिल। वसपोलया जन्म जूगु खबर न्यना: वसपोलया बौ सुद्धोदन जुजु अतिकं लय्लय् ताल। गुम्ह राजकुमारं लिपा बुद्ध जुइधुंका: विश्वयात हे लय्तायेकाबिल।

लिपा छसीकथं वसपोल त:धी जुजुं वल। भिंखुदँया वैसय् थ:के दुगु भिंखुगू प्रकारया शिल्पविद्या क्यना: यशोधरादेवी नापं विवाह नं यात। पुत्र राहुल नं दत। संसारय् न्ह्याक्व हे धन, जन, शक्ति सकतां दुसां समाधान याये मफुगु तत:धंगु समस्यात वसपोलया न्ह्योने दंवल। व नं चा:ह्यू बिज्या:बलय् प्यंगू निमित्त स्वया: चायाव:गु ख:। थजा:गु जतिलगु समस्या समाधान यायेत छुं जुया: राजकुमारया मायाय् तक्यनाच्वनां समाधान जुइगु मखु, अथे हे जहान यशोधरादेवीया मायाय् भुलय् जुयाच्वनां नं समाधान याये फइगु मखु, अथे हे राजसम्पत्ति व बौयागु मायां सायेका च्वंसा नं समाधान याये मफइगु खंका: थथे बिचा: यानाबिज्यात-तह-तहयापिं गुरुपिनिथाय् वना: सयेके सीके याना: थम्हं मनय् तयागु कथं ज्ञान लाभ याये मफया: शरीरं फयां फये मफयेक कष्ट नं नयाबिज्यात। उकिं नं थ:त मा:गु ज्ञान लाभ मजुल। लिपा गम्भीर जुया: बोधिबृक्ष सिमाया क्वय् च्वना: खूब स्मृति तया: थ:के दुने स्वस्वं न्हापांगु यामय् पुब्बेनिवासानुसतिञाण, दुतिययामय् दिब्बचक्खुञाण, स्वंगूगु यामय् चुतूपपातञाण, दुतिययामय् दिब्बचक्खुञाण, प्राप्त याना: बुद्ध जुयाबिज्यात। थ्व भी सकलसिया लागि अतिकं महत्त्वपूर्णगु खँ जुल। वसपोलं थम्हं ज्ञान लानाबिज्याये सिधयेवं मेमेपिनित नं कँकं ४५ दँतक थाय्थासय् बिज्याना: बोध यायां परिनिर्वाण जुइ स्वला न्ह्य:निसें श्रावकपिनित 'थौं स्वलालिपा तथागत परिनिर्वाण जुइ' धका: घोषणा याना: लिपा शान्तपूर्वक परिनिर्वाण जुयाबिज्यात, व दिन नं वैशाखपुन्हि हे ला:व:।

थौंकन्हय्या समाजय् गुलि हिंसा, हत्या, अत्याचार बढय् जुजुं वयाच्वन उलि उलि सकलसिया मन शान्तिपाखे वनाच्वंगु दु। गुलिंसिनं शान्तिया लागि यज्ञ होम, कोति होम, पूजापाठ इत्यादि याना: शान्ति जुइ धयागु थ:थ:गु विश्वास कथं धर्मकर्म याना: जुयाच्वंगु दु। मानव अधिकारवादीतय्सं मानव अधिकार हन्‍न याये मजिल धका: हाला जुयाच्वंगु दु। वार्ताकार तय्सं वार्तायाना: शान्तिपूर्ण धंगं समाधान यायेमाल धयागु खँ नं बार बार जुयाच्वंगु दु। रक्षा व शान्ति धायेगु फुक्कं ल्यंल्यंपूगु खँ हे जक जुयाच्वन। थुकियागु मूल कारण छु ? थ्व गनं दयाव:गु धका: थुकिया धात्थेंया कारण माला: समाधान याये मफुनि।

भगवान् बुद्धं धयाबिज्याइ- 'छुं नं समस्या छुं

कारण मदयेक अर्थे दयावइमखु । उकिं उकियागु कारण मालेगु ज्या यायेमा: । कारण लुलकि समाधान यायेगु लँ नं लुयावइ' । भगवन् बुद्धं थाय् थासय् थ: शिष्यपिन्त थथे धयाबिज्याइ- 'जि छिमित बरदान बिया: मुक्त यानाबीम्ह मुक्ति दाता मखु, उकिं जित: छिमिसं पूजा-पाठ व भक्ति जक याना: लय्तायेका: बरदान कया: मुक्त जुइगु आशा यायेमते ।'

बरु जिं बियागु शिक्षा बांलाक कया:, उकियात थुइका: मन भिंकेगु स्व । जि नं गबलय्तक सम्मदिट्ठि जुइमफुनि, अथे धयागु बिचा: शुद्ध मजूनि, थुइकेगु पानाच्वनतिनि उबलय्तक समस्याया समाधान याये मफुनि । विविध समस्यानाप सामना यायां अनेक जातय् जन्म जुइ मालाच्वन । जब जिं समस्याया मूल कारण लुइका: उथाय् च्वना: समाधान यानाबलय् आ: जि समस्या मदुम्ह जुल ।

अजा:म्ह भगवान् बुद्धया नां कया: बुद्धया जन्मभूमिइ हिंसा, हत्या अप्व: याये मजिल धका: नां धा:सा कायेसल तर ज्यां धा:सा या:गु मखु । ज्या मयायेकं अर्थे समाधान जुइगु सम्भव मदु । मेमेगु विषय ला अर्थे ति धर्म धयागु तस्सकं संवेदनशीलगु विषय ख: । धर्मय् ला छ जि धयाच्वनेगुसिकं नं उकियागु मर्म छु ख: उकियात थुइकेमा:गु ख: । उकियात छखे तया: हिंदू राज्य धायेगुलिइ गौरब तायाच्वंगु दु । बुद्धया जन्मभूमि बुद्धिष्ट राज्य धा:सां ज्यू अथवा धार्मिक राज्य धा:सां ज्यू, धर्मनिरपेक्ष राज्य यायेमा: धयागु ला कैयौं नारा बिया: हे वयाच्वंगु ख: । थुपिं फुकं किसिया न्हाय्पनय् पति हाले थें हायेकाच्वंगु दु । देश धयागुलिइ हिन्दू नं दइ विविध धर्मावलम्बित नं दइ, उकिं धार्मिक राज्य धया: सकसितं क:घाना: फुकं जनतायात समान व्यवहार या:गु जूसा ला 'जि नं छम्ह नेपाली ख:, उकिं देश रक्षा यायेगु जिगु नं कर्तब्य ख:' धका: सकल धर्मयापिसं नं कुत: मयाइ मखु । थुकियागु कारण देशया शक्ति बल्लाइगु जुइ । थजा:गु साधारण खँय् हे ध्यान बिइ मफुसा मेगु ला छखे हे ला:वनीगु जुल ।

उकिं बुद्धया जन्मभूमिइ हिंसा याये मजिल धायेगु स्वयां नं थौंया थ्व समय भगवान् बुद्धं बियाबिज्या:गु शिक्षायात लुमंकेगु समययागु माग ख: । आ:तले देशया जिम्मेवारी कुबियाच्वंपिसं बिचा: पुरय् यायेगु समय दनि । छु सत्य, छु असत्य धका: मालास्वयेगु, थुइकेगु आवश्यक जुयावये धुंकल । थूसानं मथूछू याना: पिनें पिनें जक थिक यानाच्वन धा:सा थजा:गु व्यवहारं शान्तिया सम्भव जुइमखु । समस्या झन् झन् जतिल जुजुं वनी । बन्दूकया भरय् याइगु राज्यय् बन्दुक मखु, थुइकेगु ज्या याये फयेके माल । बल्ला:त्या: मखु मनय् मैत्री जागय् यायेमाल । मैत्री धयागु थ:थें सकलसिया नं सुख जुइमा, रोग, ब्याधि, भय, अशान्ति मदयेमा धका: धाये फयेकेगु ख: । थुगु हे कथंयागु व्यवहार हये फइगु शिक्षा प्रचार याये फुसा, थजा:गु व्यवहार नुगलय् छाप तया: जुइ फुसा अवश्य नं शान्ति वइ । शान्ति माल, वयेमाल धका: स:तां जक नं शान्ति वइमखु ।

नुगलय् करुणा दयेकेमाल । हिंसाचित दयाच्वंथाय् करुणा धयागु दये फइमखु । उकिं भगवान् बुद्धं धयाबिज्याइ 'यदि छिपिं जिगु शरणय् वयेगु ख:सा छिमिसं दकलय् न्हापां छिमिगु मन भिंकि, मनय् करुणा दयेके सयेकि । करुणा दुम्ह व्यक्तिं फुक्क प्राणिपिनित माया याये सइ । भीथाय् नं माया ला याये स: । खा, दगु, हँय्, च्वले थे जा:पिं पालुवा पशुपंक्षितय्‌त लहिना नका: त्वंका माया यानातर व थ:गु स्वार्थ पुरय् यायेगु माया हे जक जुल । छाय् धा:सा वं थ:त मालकि स्याना: नं नइ, मिया नं छूवइतिनि । भीथाय् राज्यया जिम्मेवार व्यक्तिपिसं जनतायात यानाच्वंगु माया नं थ:गु स्वार्थ पुरय् यायेया लागि यानाच्वंगु माया थें हे जक जुल । धात्थें शुद्ध माया मखुत । भगवान् बुद्धं बियाबिज्या:गु माया अजा:गु मखु, धात्थें शुद्धगु माया ख: । थ:त ज्या कायेत या:गु माया थें ज्या:गु माया मखु । धात्थे शुद्धगु माया धयागु दुनंनिसे शिक्षित जुइ सयेकेगु ख: । थ:थ:गु कर्तव्य म्हसीके बिया: वयागु जीवन सुधार यायेगु माया ख: ।

'मुदिता' धयागु गजा:गु गुण धा:सा मेपिं जियाव:गु, मेपिं भिनाव:गु स्वस्वं मन प्रसन्न याये सयेकेगु ख: । मेपिं भिनाव:गु नुग: हीका: व छम्ह स्यनावंसा ज्यू

धकाः मनय् तयेगु अथवा स्यंकेया लागि कुतः यायेगु मखु ।

उपेक्षा धयागु मन विचलित मजुइक थःगु मन क्वातुक च्वने सयेकेगु खः । निन्दा याइबलय् जितः निन्दा यात धकाः मन क्वंतुंका मच्वंसे थ्व जितः निन्दा याःगु मिलय् जू लाकि मजू, थःथम्हं बिचाः याना स्वयाः यदि थःके निन्दा याये मायेक दुगु अवगुणया कारण निन्दा याःगु खःसा उकियात स्वीकार यानाः अजाःगु अवगुणत मदयेकेया लागि कुतः याना वनेगु । प्रशंसा याये बहगु गुण दयाः प्रशंसा याःगु खःसा इमिसं धयाच्वंगु खँ थीक जू । दुगु गुणयात खंके सःपिं खः धकाः मनय् तयाच्वने सयेकेगु । यदि इमिसं प्रशंसा यानाच्वंगु अनुसार थःके अजाः गु गुण मदुसा थ्व इमिसं प्रशंसा यानाच्वंगु मिलय्मजू धकाः सीकाच्वनेगु । उकिइ चित्त चंचल बाय् बिस्मात् मयायेगु ।

अःपुक उपेक्षायागु अर्थ कायेगु जूसा लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख, दुःख थुलियात लोकधर्म धाइ । थजाः गुपाखें थःगु मन मस्यंक च्वने सयेकेगु खः ।

भगवान् बुद्धयाके थजाःगु परिसुद्धिगुण दु । थुकियागु कारणं वसपोलयात देवता व मनूतय्सं मानय् याइगु खः । वसपोलयाके महाकरुणाधिगुण दु, अथे धयागु कनाः बोध जुइम्ह जुल धाःसा वयात अनेक प्रकारं उपमा उपमेय बियाः उपाय याये ज्यूथाय् तक उपाय यानाः वयात बोध हे यानाबिज्याइ । वसपोलयाके महाप्रज्ञाधिगुण दु, अथे धयागु सुं व्यक्तिपिनि गजाःगु अवस्थाय् गुकथं कन धाःसा वयागु संस्कारनापं मिलय् जुयाः वं थुइकेफइगु खः, अजाःगु इलय् अजाःगु धंगं कनाः वयात दुःख छुतय् यानाबिइ । थजाःगु गुणया कारणं नं वसपोलयात देवता व मनूतय्सं पूजा याइगु, मानय् याइगु खः ।

'भवतु सब्ब मङ्गलं सकलसित मङ्गल जुइमा ।




**दानशोभा शाक्य**
**(रत्नायन परिवार)**
**ख्वौमा, ख्वप**

## 'चिरंतिट्ठतु सद्धम्मो'
## (सद्धर्म्म चिरस्थायी जुइमा)

'बौद्ध दर्शन अध्ययन समाज पाखें पिहाँ वयाच्वंगु बौद्ध साहित्यिक त्रैमासिक पत्रिका 'अर्हत्' निरन्तर रुपं प्रकाशित जुइमा धैगु कामना याना । 'अर्हत्' या थुगु अंकयात गुहालि स्वरुप थःत प्राप्त जूगु-न्हापांगु सामाजिक सुरक्षा भत्ता ७०००।- (न्हेदो तका) ल ल्हानागु जुल ।

(दाता दानशोभा शाक्ययात सुभाय ।
बौद्ध दर्शन अध्ययन समाज, ख्वप)

# जयकीर्ति विहार

## परिचय

ख्वपया प्राचीन वही मध्येया जयकीर्ति विहार नं छगू खः । शुक्रवर्ण बिहार धकाः नं म्हसियाच्वंगु थुगु बही थथुबहि कथं अतिकं प्रसिद्ध जुयाच्वंगु दु । थनया छगू ल्वहंपतिइ श्री जयकीर्ति विहार धकाः थुगु बहीयात उल्लेख यानातःगु दु । ख्वपया प्रसिद्ध तःपुखू व नः पुखूया दथुइ इताछैं त्वालय् थुगु वही अवस्थित जुयाच्वंगु दु

## ऐतिहासिक पृष्ठभूमि

थुगु वही गुबलय् दयेकूगु सुनां दयेकूगु धयागु सिइका काये फइगु छु नं अभिलेख आतकं प्राप्त जुगु मखुनि । अथेसां थन दुगु लिच्छविकालिन कलाकृतिया आधारय् थुगु वही यक्व हे पुंलागु जुइ धैगु अनुमान यायेफु । थन लिच्छवि शैलीया नागं कुइकातःम्ह करीब २ फिट जाःगु मुचलिन्द बुद्धयागु मूर्ति स्थापना यानातःगु दु । थनया आगम क्वथाय् च्वंगु ल्हहंपतिइ (प्राचीन शैलीया) वज्र कियातःगु स्पष्ट रुपं खनेदनी । मेमेगु ल्वहंपौया वज्र व थुगु ल्वहंपौया वज्र विस्कं जुगुलिं थुगु ल्वहंपौ मल्लकाल स्वयाः न्हापायागु खः धैगु अनुमान यायेफु ।

थथुवहीलिइ तथा थनयाःम्ह दीपंकर नापं चतुव्रम्ह महाविहारया वज्राचार्य व जेष्ठवर्ण महाविहारया शाक्य भिक्षुपिं बीचय् सम्बन्ध दुगु जुल । उलिजक मखु थुगु वहिलीइ चूडाकर्म याइपिं विखू वंडे धाइपिं नं दु । थुपिं विखू वंडेत हे थथुवहीया पुलांपिं संघ खलः खः धैगु जनविश्वास दु ।

थुगु वहीया वज्राचार्यपिंसं जीवचन्द्र वज्राचार्य (ने.सं. ६११)या काय्पिं न्हुरासिंह, भ्याःसिंह, अभ्याःसिंहपिसंहे भौरबही, थथुबही, कुथुवही, यालाछें वही दयेकूगु खः धकाः धयावयाच्वंगु दु । तर हेलसिंह (ने.सं.७३७) अभेसिं वज्राचार्य (ने.सं.७१२) भारसिंदेवपिनिगु बाहेक आतक थन उजाःगु नांयापिं चतुव्रम्ह महाविहारया आजुपिनिगु अभिलेख लुयावःगु मदुनि । आःतक लुयावःगु तिथिमिति दुगु थथुवहीया अभिलेख मध्येय् क्वाःपाःद्यो (गन्धुरी देवता) या आसनय् 'सम्बत ६६६ बैशाख कृष्ण वदी १२' धकाः अङ्कित जुयाच्वंगु अभिलेख हे दकसिबय् पुलाँगु खः ।

थुगु वहीलि प्यम्ह दीपंकर तथागत विराजमान जुयाच्वंगु दु । थुम्ह दीपंकर गुलि पुलांम्ह सिइमदु तर जुजु विश्वमल्लया (ने.सं. ६७६) इलय हे न्याःम्हं दीपंकर तथागतपिं दय् धुंकूगु सिइदु । थनयाःम्ह दीपंकर तथागतयात गोदमंदु, त्वाःनाय नरसिंह नं ने.सं. ७६० तिसा छागु भौरवहीया ल्वहंपतिइ पंचतथाग उल्लेख जुगु, अक्षोभ्य तथागत अङ्कितगु वहया हेलफ्वः देछाःगु खँ उल्लेख जुयाच्वंगु दु । अथेहे थुम्ह दीपंकरयात ने.सं. ७६७, श्रावण वदि १३ स अमिताभ बुद्ध कियातःगु हेलफ्वः सम्बत् ७७२ श्रावण शुक्ल पूणिमा कुन्हु लुँसियातःगु हेलफ्व छाःगु खँनं मेमेगु अभिलेखँ सिइदु । थुकथं मेमेगु तिसाखय् नं अभिलेख उल्लेख जुयाच्वंगु दु । चतुव्रम्ह महाविहारया वज्राचार्यपिनिगु संघ मध्ये च्वयेचुक (मायके खलः) या वज्राचार्यपिं व जेष्ठवर्ण महाविहारया शाक्यभिक्षुपिसं थुगुवही व थनया दीपंकरया देखभाल याइगु खः ।

जुजु जयजितामित्र मल्लया शासनकालतक थ्यंबलय् थुगु वही जीर्ण अवस्थाय् लाय् धुंकुगु खनेदु । थः पूर्वजपिनिगु कृति रुपी दयेका थकूगु थुगु वही रक्षा यायेमाः धैगु महसुसयानाः जयरत्न वज्राचार्ययंया सकल परिवारया धर्मचित्त उत्पतिजुया यक्वहे दुःख कस्तसिया शास्त्र विधि कथं भूमि शोधन यानाः ने.सं. ७९४ सालं जयकीर्ति विहारया नामं थथुवही जीर्णोद्धार क्वचाय्कुगु खँ थनया ल्वहँपौलिइ उल्लेख यानातःगु दु । संस्कृत व नेपालभाषां च्वयाःतःगु थुगु वहंपतिइ जयकीर्ति विहार पुननिर्माण यायेगु झ्वलय् तात्कालिन जुजु जितामित्र मल्ल, उग्रमल्ल पिनिगु पाखें कृपादृष्टी जूगु खँ न्ह्ययथना तःगु दु । उकि जक मखु

विहार जीर्णोद्धारया थीथी कार्यक्रमय जुजुपिं सवारी जूगुनं खनेदु । थनया गन्धुरी देवता लिकसं ल्वहंया आसन छगू दु । थुगु आसने शाक्यमुनी बुद्ध पलिस्था यानात:गु धैगु खँ थुकीच्वंगु अभिलेखँ कना च्वंगुदु । अथेहे ने.सं. ८०७ य् क्वा:पा:द्यो (गन्धुरी देवता) या नापंतु च्वंगु अष्टमण्डलाकार लोकेश्वर चैत्य छग:दु ।

### *वहीया स्वरुप व सम्पदा*

थुगु वही नितँ जा जू । पिनेनं स्वयेबलय् चतुष्कोण खनेदुगु थुगु बही प्यखेरं चा:उले ज्यू । पंचबुद्धया मूर्ति अंकित यानात:गु पिनेयागु पुलांगु त:धंगु ध्वाकां तप्यंक स्वयेबलय् गन्धुरी देवता खनेदु । थुगु लुखा लिक्क पद्मचैत्य दु । ध्वया: लिकसं वही दुहाँ वनेगु मू लुखा दु । बार्दलि युक्तगु थुगु मू लुखाया जवय् खवय् सिंह पा तयात:गु दु ।

मूलुखाँ दुनेया दलामय् जवंखवं अंगलय् ल्वहंया सिन्हंम्हू ज्वालान्हेकं तयात:गु दु । अथेहे तले थहाँ बनेगु निपू स्वाहाने नं जबं खवं छुना त:गु जुल । थुगु स्वाहानं थाहांवना: पच्छिम दिशाय् मूलगन्धकुटी या च्वय् च्वंगु आगम क्वथाय् वनेज्यू । थुगु आगंक्वथाय् वज्रदेवी विराजमान जुयाच्वंगु दु । उत्तर दिशाया च्य्च्वंगु क्वथाय् दीपंकर तथागतया हलं ज्वलं तयात:गु दु । थुगु क्वथाय् संघपिनि सलाह व्या:केगुनं याना: वयाच्वंगु दु । वहिया पच्छिम दिशाय् चा:उलेजिक दयेकात:किगु मूल गन्धकुटी दु । मूलगन्धकुटी दुने थौंकन्हे पद्मपाणि बोधिसव विराजमान याकातगु दु । पुलांम्ह गन्धुरी देवता खुयायेंके धुंका न्हूम्ह ल्वहंया पद्मपाणी बोधिसवया:मूर्ति पलिस्था या:गु ख: धैगु न्यने दु । अथेहे गन्धुरी देवताया नापनापं उत्कृष्टगु कलां जायाच्वंगु चिकिचाग्व:गु अष्टमण्डलाकार लोकेश्वर चैत्य नापं मेमेगु धर्मकीति नं खनेदु ।

बहीया उत्तर दिशाय् च्वंगु दलामय् वहीद्य ब्वयेगु याइ । थुगु थासय् लिच्छविकालिन नागं कुइका च्वंम्ह मुच्छलिन्द बुद्ध मूर्ति विराजमान जुयाच्वंगु दु । हयाउँगु फिपुल्वहं याम्ह अमिताम बुद्धया मुद्राय् फेतुनाच्वंम्ह थुगु मूर्ति अंदाजी ३ (स्वंगू) फुट त:जा जू । ख्वपदेया बाँलागु पुलाँगु मूर्तिया धलखय् थुगु बुद्धमूर्तिनं लागु जुल । थुगुमूर्तियात चैत्याकार गर्भय् स्वथनात:गु दु । मल्ल जुजुपिनिगु इलय् तकनं थुगु बही जीर्णद्धार या:वलय् थुगु मूर्ति सारेमया: धयागु खँ चैत्यकारय् दनात:गु पुलाँगु अ:पां सिइके फु ।

वही पिनेच्वंगु खूल्लागु थाय् ख्वपया भुइख्य हे जुल । ४०-५० दँ न्हय:तकनं थुगु थासय् प्यखेरेनं प:खा दुगु खँ संघ सदस्यपिं पाखें न्यनेदु । पंचबुद्धया मूर्ति दुगु ध्वाका जवं खव व दुने पिनेया पुलांगु फलचा लोप जुइ धुंकुगु दु । छुं नं प्रकारया बौद्ध सांस्कृतिक ज्याइव:या लागि छ्येलिगु थुगु ख्यलय् माघ १ गते (घ्य चाकू सल्हू) दँय दँसं सम्यक महादान पर्व न्यायेका वयाच्वंगु दनी । थुकुन्हु ख्वपय् पंचतथागतया जात्रा सम्पन्न याइ । थनया:म्ह दीपंकर तथागतं थकालिपिं स्वम्ह दीपंकर (पशुपति महाबिहार, भौरवही व चतुब्रम्ह महाबिहारया दीपंकरपिं) यात अभिवादन याइ । थुगु सम्यक पर्व तधिछैं खल:नं न्ह्याका: वयाच्वंगु दु । थुगु ज्याभ्व: न्ह्याकेत ३६० रोपनि बुं दत्त तयाथकुगु दु धैगु धा:पु ख्वपय् तसकं प्रचलित जू । जङ्गबहादुरया पालाय् व २०२१ सालया भूमिसुधारय् लाना थुगु गुथिलिसे सम्बन्धित जग्गात हरण जूगुया कारणं याना: थौंकन्हे करिब २० रोपनि जग्गा जक बाकि ल्यनाच्वंगु दुज:पिनिगु पाखें न्यनेदु । उकिंयाना: थौंकन्हे दँयुदसं गुठी चलेयाना: वनेत हे मुस्किल जूगु खँ दुजपिंस न्यंकाच्वनी ।

### *विहारया संघ व ज्याइव*

थुगुवहीलिया संघय् चतुब्रम्ह महाविहारया वज्राचार्यपिं, जेष्ठवर्ण महाविहारया शाक्य भिक्षु (बुद्धाचार्य) पिं आवद्ध जुयाच्वंगु दु । इपिं प्यंगु: खल:खय् विभाजन जुयाच्वंगु दु । (१) चिभागा: खल: (२) घ्याङखल: (३) मायके खल: (४) जयमां खल: । जेष्ठवर्ण महाविहारया शाक्यभिक्षुपिं जयमा खल: ख: । हाकनं मायके खल:यानं प्यंगू: कव: दुगु जुल । थुपिं (क) जेठा खल: (ख) माइला खल: (ग) साइला खल: (घ) कान्छा खल: धका: म्हसियाच्वंगु दु । थुगु संघपरिवार पिसंहे थथुवही (जयकीर्ति विहार) नापं दीपंकर तथागत सम्बन्धि यायेमा:गु ज्या न्ह्याका: वयाच्वंगु दु ।

थुगु वहीलि विखुवंदेपिनि चूडाकर्म याइगु चलन दनि । थुपिं मध्ये गुलिखें थौंकन्हे यें, यलया थीथी थासय् स्थायीकथं च्वंवने धुंकुगु दु । तचाकोनेया बुद्धाचार्यपिंनं विखुवंदेपिं हे ख:, लिपा जेष्ठवर्ण विहार निर्माण याना: चूडाकर्म यायेगु परम्परा अनहे न्ह्याकेगुयात धैगुनं धापू न्यने दु ।

वहीलि यायेमा:गु नित्यपुजा व इलय् ब्यलय्या थीथी पूजापाठनं चलेजुयाच्वंगुदु । थन अक्षय् तृतीया कून्हु वहीलि पुजा जुयावयाच्वंगु दु । अथेहे संल्हुपतिं सकल दुज:पिं मुना स्वाँ पूजा याइ । ख्वपया घ्य चाकूसंल्हूंबलय् सम्यक महायान पर्व थुगुहे थासय् जुइगु ख: । उगु इलय् थुगुवहीया दीपंकरनं ब्वय्मा:गु जुल । अथेहे थनया संघया सकल दुज:पिं मिलेजुया पंचदानकुन्हु दीपंकरया नगरपरिक्रमाया ज्याझ्व न्ह्याकिइ । थथेहे थुगु वहीया सकल दुज:पिं मिलेजुया गुँलाधर्मया च्याचा गुन्हू तक थुगुवहीलिइ दीपंकर तथागत नापं मेमेपिं वहीद्य ब्वया वयाच्वंगु दु ।

१) जात्रायायेमाम्ह दीपंकर तथागत (पेम्हम्ह)

२) शाक्यमुनी बुद्धया स्वर्णमूर्ति, (आसने उल्लेख यानात:गु थथे ख: 'श्री वहारछेया वज्राचार्य, श्री जीवराजया सं. ७९३)

३) शाक्यमुनि बुद्धया स्वर्ण प्रतिमा (आसने उल्लेख यानात:गु अभिलेख थथेख 'सम्बत ८१७ फागुन वदी १५ पद्ममुनी दिवंगत' ।)

४) अपरमिताया स्वर्ण प्रतिमा 'सम्बत ८०० वहारछेया दुधवमाता दिवंगतया दुंता'

५) शाक्यमुनी बुद्धया स्वर्ण प्रतिमा (अभिलेख मदु ।)

६) दीपंकर बुद्ध (सम्यक द्य) या लुँसिया त:गु (छ्यों निग: दु । थुगु सम्यक:द्य तधिछैंया वज्राचार्यपिसं बोये हइगु ख: ।)


बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक
पत्रिका 'अर्हत्' त्रैमासिक निरन्तर
प्रकाशनको शुभकामना ।

सिद्धि गणेश ज्यास पस:

इनाचो-६,भक्तपुर, फोन नं. ६६१३४८
मो.नं.९८४३१६९४९३


## त्रैमासिक "अर्हत" वर्ष ३, अंक १ देखि ४ सम्मको वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सदस्यता नवीकरण गर्नुहुन अनुरोध छ ।

१) देबसुन्दर शाक्य भ.न.पा. ८ तुलाछेँ मो. ९८४१२८५५७८

२) सूर्यविनायक कोल्ड स्टोर भ.न.पा. १२ बोलाछेँ, फो. ६६१६६६६

३) कृष्णबहादुर सुवाल, सूर्यविनायक

४) सीताराम कुम्पाख, भ.न.पा. ५ भोलाछेँ

५) मानन्धर हार्डवयर् सेन्टर सूर्यविनायक फो. ६६१०९४४

६) लक्ष्मीभक्त कवां, सूर्यविनायक

७) भक्तपुर हार्डवयर् सेन्टर, सूर्यविनायक, फो. ६६१६२०५

८) तुल्सीभक्त अवाल, भ.न.पा. १०, व्यासी

९) सीताराम अवाल

१०) तुल्सीलाल बासुकला भ.न.पा. १०, व्यासी, मो. ९८५१०६२६८०

११) विष्णु सुवाल भ.न.पा. ९ चोछेँ, मो. ९८४१९८७३०३

१२) विरेन्द्र सुवाल भ.न.पा. ९ चोछेँ, मो. ९८४१६५४२२७

१३) श्री प्राथमिक विद्यालय भ.न.पा. ५, याछेँ

१४) श्री नवदुर्गा क्याटरिङ्ग सर्भिस भ.न.पा. १०, महाकालीस्थान

१५) केशव दिवाकर भ.ना.पा. ८, तुलाछें
१६) हरि अवाल, सूर्यविनायक
१७) दिपा प्रजापति, सूर्यविनायक
१८) आभा प्रजापति, सूर्यविनायक
१९) रुपा प्रजापति
२०) दिलसा
२१) गोपीकृष्ण प्रजापति भ.न.पा. ९ तुछिमला-आजीवन
२२) रुसा प्रजापति भ.न.पा १ च्याम्हासिंह
२३) दैव अवाल भ.न.पा. ५ तुछिमला
२४) काजीबहादुर अवाल भ.न.पा. ५ तुछिमला
२५) नारायणप्रसाद कर्माचार्य
२६) तुल्सीभक्त श्रेष्ठ भ.न.पा. ८ सुकुलढोका, फो. ६६१०६०८
२७) विवेकमान कर्माचार्य भ.न.पा. ८ तुलाछें मो. ९८५१०३३२५२
२८) न्हुछेकुमार अवाल भ.न.पा. ९ तुछिमला
२९) छुमा गणेश सहकारी
३०) दिपा प्रजापति, सूर्यविनायक गपली भ.न.पा. १४
३१) कृपा प्रजापति भ.न.पा. ९, तुछिमला
३२) ए एण्ड ए ट्रेडर्स भ.न.पा. ११ मो. ९८५१००४९०६
३३) चिभा ज्यास: भ.नपा. ८ तुलाछें मो. ९७४१०१३१५६
३४) रामहरि कार्जी
३५) श्री सत्यनारां अवाल भ.न.पा. ९ तुछिमला
३६) श्री सिद्धि कुमार अवाल भ.न.पा. ४, कमलविनायक
३७) श्री हरिशरण अवाल भ.न.पा. ४ बेखाल
३८) रामकृष्ण अवाल भ.न.पा. ९ तुछिमला मो. ९८४१३९४९४०
३९) इन्द्रप्रसाद अवाल भ.न.पा. ४ मुल्ढोका
४०) रत्नायन ज्वलरी भ.न.पा. १५ खौमा मो. ९८४१२४६४९७
४१) सुकुल्ढोका तेल पसल भ.न.पा. ८ मो. ९८५११८३२९७
४२) प्रेमज्योती शाक्य यागु ज्यास: भ.न.पा. ८ फो. ६६१३५५३
४३) देव फामेसी भ.न.पा. ८ सुकुल्ढोका फो. ६६१०७२४
४४) रामगोपाल सुवाल भ.न.पा. ८ सुकुल्ढोका
४५) कृष्णबहादुर श्रेष्ठ भ.न.पा. ९ सुकुल्ढोका फो. ६६१०९५३
४६) गणेश ज्यास: पस: A
४७) गणेश ज्यास: पस: B
४८) शुभकामना फोटोकपि भ.न.पा.११ साकोठा फो. ६६११०५५
४९) रामप्रसाद प्रजापति भ.न.पा. १ मो. ९८५१११९५५
५०) विश्वमोहन जोशी
५१) शिवबहादुर खुलीमुली, गुण्डु
५२) गणेश दुवाल, कमलविनायक
५३) सूर्यभक्त त्वाती, चित्तपोल
५४) उकेश कवां, गोम्हारी
५५) समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि., कटुंजे
५६) प्रकाश थुसा, भोलाछें
५७) पद्म बहादुर मानंधर, मुल्ढोका
५८) बाबुकाजी अमात्य, मुल्ढोका
५९) लक्ष्मीप्रसाद चवाल, भनपा -४, क्वाठण्डौं
६०) माधव सुवाल, भनपा-४, क्वाठण्डौं
६१) लक्ष्मीप्रसाद ह्यौमिखा, महालक्ष्मी मो.९८४१६९२५१२
६१) सुन्दर शाक्य, भनपा-४, क्वाठण्डौं
६२) रामशरण खानीबन्जार, भनपा-३, तिनाछेँ
६३) न्हुछेरत्न बुद्धाचार्य, भनपा-४, क्वाठण्डौं
६४) गम्भिरराज बर्ज्राचार्य, भनपा-४, थालाछें
६५) प्रमोद उलक, भनपा-४, मूलढोका
६६) बुद्धिसागर प्रजापति, तौलाछें फो.नं. ५१२२०५५
६७) नकुल प्रजापति - तौलाछें, सूर्यमढी
६८) लालबहादुर चवाल वडा नं. १ देगइना फो.नं: ६६१६९९१
६९) जीतबहादुर खयरगोली वडा नं. १, तौलाछें मो. ९८४९३२०३६१
७०) दिलबहादुर काशिछ्वा वडा नं. १ तौलाछें
७१) देवभक्त पैंच वडा नं.२, लिवाली
७२) सुन्दर काशिछ्वा वडा नं. १
७३) आसकुमार हयंग्व वडा नं. २, लिवाली
७४) सत्यराम ख्याजु वडा नं. २, लिवाली
७५) रत्न दुवाल वडा नं. २ लिवाली
७६) पशुपति दुवाल वडा नं. २, लिवाली
७७) कृष्णसागर कोजु वडा नं.१ तौलाछें, मो. ९७४१००७२०४
७८) कान्छा बासुकला वडा नं. ५ देकोचा, मो. ९८४१४३१४३२
७९) कमल सुवाल - भीगु ख्वप बचत तथा ऋण सहकारी संस्था
८०) हेमन्त गुरुङ्ग - मैत्री वाचनालय
८१) राजकुमार बोयजू

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका **अर्हत्** त्रैमासिकको **वार्षिक ग्राहक** भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।


**बौद्ध दर्शन अध्ययन समाज**

भक्तपुर, Email: arhattraimasik@gmail.com

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

बौद्ध साहित्यिक पत्रिका अर्हत्को निरन्तरताको
लागि शुभकामना !

# बाल विकास
## इङ्ग्लिस सेकेन्डरी स्कूल
लिवाली, भक्तपुर, फोन : ०१-५१२२२२३





नयाँ शैक्षिक सत्र २०७३ को लागि



## प्रि-नर्सरी
र
## नर्सरीमा

# नयाँ भर्ना खुल्यो ।

बाल विकास निजी शैक्षिक गुठीद्वारा संचालित